जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# नगर शिक्षा योजना

## धर्मदेवी नगरपालिका, सङ्खुवासभा

**२०८३-२०९२**




'दक्ष, नैतिकवान्, अनुशासित, सिर्जनशील, प्रतिस्पर्धी र उत्पादनशील मानव स्रोत निर्माण - समृद्ध धर्मदेवीको आधार'

# नगर शिक्षा योजना निर्माण समिति

| क्र.सं. | पद | नाम | भूमिका |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री उदय चन्द्र पौडेल | संयोजक |
| २ | नगर उपप्रमुख | श्री तारा महत (भट्टराई) | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री प्रकाश गुरुङ्ग | सदस्य |
| ४ | संयोजक, सामाजिक विकास समिति | श्री लक्ष्मी प्रसाद अधिकारी | सदस्य |
| ५ | शिक्षक, अमरुवा मा.वि. | श्री राज कुमार खनाल | सदस्य |
| ६ | प्रधानाध्यापक, रामेश्वर मा.वि. | श्री लाल बहादुर खत्री | सदस्य |
| ७ | प्रधानाध्यापक, शान्ति मा.वि. | श्री पिताम्बर अधिकारी | सदस्य |
| ८ | शिक्षक, चामुण्डे मा.वि. | श्री महेश बुढाथोकी | सदस्य |
| ९ | प्रधानाध्यापक, हाङ्मारानी आ.वि. | श्री शान्त बहादुर कार्की | सदस्य |
| १० | सूचना प्रविधि अधिकृत | श्री बिरोध नेपाल | सदस्य सचिव |

# समितिको सम्पादकीय धारणा

नगर शिक्षा योजना यस नगरपालिकाभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दीगो बनाउने उद्देश्यले तयार गरिएको रणनीतिक दस्तावेज हो । यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक एवं आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ।

प्रस्तुत योजनामा प्रमुख उद्देश्यहरू, शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय सुशासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण जस्ता विषयहरू समावेश छन्।

यस योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ । प्रस्तुत योजनामार्फत् विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा गैरऔपचारिक एवं वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ।

प्रस्तुत योजनामार्फत् कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ । स्थानीय स्रोत परिचालन, अन्तरतह समन्वय, समुदाय सहभागिता र सार्वजनिक निजी साझेदारीलाई जोड दिइएको छ।

समग्रमा, यो शिक्षा योजना यस नगरपालिकाको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो। योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दीगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# विषय-सूची


| क्र.सं. | | पृष्ठ |
|---|---|---|
| क) | विषय प्रवेश ... ... ... ... ... ... ... ... ... ... ... ... | १ |
| ख) | शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ... ... ... ... | २ |
| ग) | योजना निर्माण प्रक्रिया ... ... ... ... ... ... ... ... ... ... | ३ |
| घ) | योजनाको दस्तावेजको स्वरूप ... ... ... ... ... ... ... ... | ४ |
| | **परिच्छेद-१** | |
| १. | परिचय ... ... ... ... ... ... ... ... ... ... ... ... ... | ५ |
| १.१. | भौगोलिक अवस्थिति ... ... ... ... ... ... ... ... ... ... | ५ |
| १.२. | जनसाङ्ख्यिक संरचना ... ... ... ... ... ... ... ... ... ... | ६ |
| १.३. | सामाजिक तथा साँस्कृतिक अवस्था ... ... ... ... ... ... ... | ९ |
| १.४. | आर्थिक अवस्था ... ... ... ... ... ... ... ... ... ... ... | १० |
| १.५. | शैक्षिक अवस्था ... ... ... ... ... ... ... ... ... ... ... | ११ |
| १.५.१. | सबल पक्ष ... ... ... ... ... ... ... ... ... ... | १८ |
| १.५.२. | शिक्षा क्षेत्रका समस्या ... ... ... ... ... ... ... | १९ |
| १.५.३. | अवसर ... ... ... ... ... ... ... ... ... ... ... | २० |
| १.५.४. | चुनौती ... ... ... ... ... ... ... ... ... ... ... | २१ |
| | **परिच्छेद-२** | |
| २. | दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ... ... ... ... | २३ |
| २.१. | दूरदृष्टि ... ... ... ... ... ... ... ... ... ... ... ... ... | २३ |
| २.२. | लक्ष्य ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... | २३ |
| २.३. | उदेश्य ... ... ... ... ... ... ... ... ... ... ... ... ... | २३ |
| २.४. | रणनीति ... ... ... ... ... ... ... ... ... ... ... ... ... | २४ |
| २.५. | अपेक्षित उपलब्धि ... ... ... ... ... ... ... ... ... ... ... | २९ |
| २.६. | मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ... ... ... ... ... | ३१ |
| | **परिच्छेद-३** | |
| ३. | विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र ... ... ... ... ... ... ... | ३९ |
| ३.१. | प्रारम्भिक बालविकास र शिक्षा ... ... ... ... ... ... ... ... | ३९ |
| ३.१.१. | परिचय ... ... ... ... ... ... ... ... ... ... ... | ३९ |
| ३.१.२. | वर्तमान अवस्था ... ... ... ... ... ... ... ... ... | ४० |
| ३.१.३. | उद्देश्य ... ... ... ... ... ... ... ... ... ... ... | ४१ |

३.१.४. रणनीतिहरू … … … … … … … … … … ४१
३.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य … … … ४२
३.२. आधारभूत शिक्षा … … … … … … … … … … … ५७
३.२.१. परिचय … … … … … … … … … … … ५७
३.२.२. वर्तमान अवस्था … … … … … … … … … ५८
३.२.३. उद्देश्य … … … … … … … … … … … ५९
३.२.४. रणनीति … … … … … … … … … … ५९
३.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य … … … ६२
३.३. माध्यमिक शिक्षा … … … … … … … … … … … ७०
३.३.१. परिचय … … … … … … … … … … … ७०
३.३.२. वर्तमान अवस्था … … … … … … … … … ७०
३.३.३. उद्देश्य … … … … … … … … … … … ७१
३.३.४. रणनीति … … … … … … … … … … … ७१
३.३.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य … … … ७२
३.४. अनौपचारिक तथा आजिवन सिकाइ … … … … … … ८१
३.४.१. परिचय … … … … … … … … … … … ८१
३.४.२. वर्तमान अवस्था … … … … … … … … … … ८२
३.४.३. उद्देश्य … … … … … … … … … … … ८३
३.४.४. रणनीतिहरू … … … … … … … … … … … ८४
३.४.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य … … … ८५

**परिच्छेद-४**

४. अन्तर सम्बन्धित विषय क्षेत्रहरु … … … … … … … … ८९
४.१. पाठ्यक्रम र मूल्याङ्कन … … … … … … … … … … ८९
४.१.१. परिचय … … … … … … … … … … … ८९
४.१.२. वर्तमान अवस्था … … … … … … … … … … ९०
४.१.३. उद्देश्य … … … … … … … … … … … ९१
४.१.४. रणनीति … … … … … … … … … … … ९१
४.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य … … … ९२
४.२. शिक्षक व्यवस्थापन र विकास … … … … … … … … ९९
४.२.१. परिचय … … … … … … … … … … … ९९
४.२.२. वर्तमान अवस्था … … … … … … … … … १००
४.२.३. उद्देश्य … … … … … … … … … … … १०२
४.२.४. रणनीतिहरू … … … … … … … … … … १०२

४.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य … … … १०४
४.३. समता र समावेशीकरण … … … … … … … … … … १११
४.३.१. परिचय … … … … … … … … … … … १११
४.३.२. वर्तमान अवस्था … … … … … … … … … … ११२
४.३.३. उद्देश्य … … … … … … … … … … … ११३
४.३.४. रणनीति … … … … … … … … … … … ११३
४.३.५. उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य … ११५
४.४. विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम … … १२०
४.४.१. परिचय … … … … … … … … … … … १२०
४.४.२. वर्तमान अवस्था … … … … … … … … … … १२१
४.४.३. उद्देश्य … … … … … … … … … … … १२१
४.४.४. रणनीतिहरु … … … … … … … … … … … १२२
४.४.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप … … … … … १२३
४.५. शिक्षामा सूचना प्रविधि … … … … … … … … … … १२८
४.५.१. परिचय … … … … … … … … … … … १२८
४.५.२. वर्तमान अवस्था … … … … … … … … … … १३०
४.५.३. उद्देश्य … … … … … … … … … … … १३०
४.५.४. रणनीति … … … … … … … … … … … १३०
४.५.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य … … १३१
४.६. विद्यालय भौतिक पूर्वाधार विकास … … … … … … … … १३७
४.६.१. परिचय … … … … … … … … … … … १३७
४.६.२. वर्तमान अवस्था … … … … … … … … … … १३७
४.६.३. उद्देश्य … … … … … … … … … … … १३८
४.६.४. रणनीति … … … … … … … … … … … १३९
४.६.५. उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य … १३९
४.७. आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा … … … … … १४३
४.७.१. परिचय … … … … … … … … … … … १४३
४.७.२. वर्तमान अवस्था … … … … … … … … … … १४४
४.७.३. उद्देश्य … … … … … … … … … … … १४५
४.७.४. रणनीति … … … … … … … … … … … १४५
४.७.५. उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य … … १४६

**परिच्छेद-५**

५. विद्यालय सुशासन तथा व्यवस्थापन … … … … … … … १५१
५.१. संस्थागत क्षमता विकास … … … … … … … … … … १५२

५.१.१. परिचय … … … … … … … … … … … १५२
५.१.२. वर्तमान अवस्था … … … … … … … … … … १५३
५.१.३. उद्देश्य … … … … … … … … … … … … १५४
५.१.४. रणनीति … … … … … … … … … … … १५५
५.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य … … … १५५
५.२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध … … … … … १५९
५.२.१. परिचय … … … … … … … … … … … … १५९
५.२.२. वर्तमान अवस्था … … … … … … … … … … … १५९
५.२.३. उद्देश्य … … … … … … … … … … … … १६०
५.२.४. रणनीति … … … … … … … … … … … १६०
५.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य … १६१
५.३. अनुगमन तथा मूल्याङ्कन … … … … … … … … … १६५
५.३.१. परिचय … … … … … … … … … … … … १६५
५.३.२. वर्तमान अवस्था … … … … … … … … … … … १६५
५.३.३. उद्देश्य … … … … … … … … … … … … १६६
५.३.४. रणनीतिहरू … … … … … … … … … … १६७
५.३.५. उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य … १६७

परिच्छेद-६

६. लगानी र स्रोत व्यवस्थापन … … … … … … … … १७२
६.१. परिचय … … … … … … … … … … … … … १७२
६.२. वर्तमान अवस्था … … … … … … … … … … … १७३
६.३. उद्देश्य … … … … … … … … … … … … … १७४
६.४. रणनीति … … … … … … … … … … … … … १७४
६.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य … … … … १७५
६.६. विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्बन्धित
प्रमुख क्रियाकलापहरुको बजेट विवरण … … … … … … १७६

परिच्छेद-७

७. कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण … १७८
७.१.१. परिचय … … … … … … … … … … … १७८
७.१.२. वर्तमान अवस्था … … … … … … … … … … … १७८
७.१.३. उद्देश्य … … … … … … … … … … … १८१
७.१.४. रणनीति … … … … … … … … … … … १८२
७.१.५. उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य … १८३

## क) विषय प्रवेश

संविधानतः सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी यस नगरपालिकामा निहित रहेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले यस नगरपालिकालाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ । यसै सन्दर्भमा प्रस्तुत नगर शिक्षा योजना यस नगरपालिकाको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण रहनेछ ।

नगर शिक्षा योजना भनेको शिक्षाको राष्ट्रिय उद्देश्यबमोजिम यस नगरपालिकाभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिएको दीर्घकालीन तथा मध्यकालीन योजना हो । यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यावसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ । साथै, यसले सङ्घीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दीगो विकास लक्ष्य (SDG-४) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ।

नगर शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ । यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ । यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गतामैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणालीजस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले यस नगरपालिकाको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक

कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको नगर शिक्षा योजनामार्फत् यस नगरपालिकाले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दीगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ।

## ख) शिक्षा योजना निर्माणका आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो। गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षाबिना दीगो विकास सम्भव हुँदैन। सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी यस नगरपालिकामा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ । स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरूले अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो । देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक विविधता विद्यमान छ । एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो । शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबिचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ।

समावेशिता, समानता र सामाजिक न्याय प्रबर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो । बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ।

त्यसैगरी शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दीगोपन सुनिश्चित गर्दछ। शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षणसिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत् मात्र सम्भव हुन्छ ।

यसरी नगर शिक्षा योजना निर्माणले स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ । यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दीगो विकास लक्ष्य (SDG-४) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले, गुणस्तरीय, समावेशी र दीगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो ।

**ग) योजना निर्माण प्रक्रिया**

शिक्षा योजना निर्माण गर्दा देहायबमोजिमका सामग्रीहरूलाई आधार लिइएको छः

क) नेपालको संविधान

ख) सोह्रौं आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

ङ) राष्ट्रिय, प्रादेशिक र यस नगरपालिकाको दीर्घकालीन सोच

च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत वर्तमान विद्यालय शिक्षासम्बन्धी ऐन तथा नियमावली

छ) विद्यालय शिक्षा क्षेत्र योजना

ज) राष्ट्रिय शिक्षा नीति, २०७६

झ) दीगो विकास लक्ष्य

ञ) यस नगरपालिकाको नीति तथा कार्यक्रम, २०८२/८३

ट) राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८

ठ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम

**घ) योजना दस्तावेजको स्वरूप**

यस योजनाको पहिलो परिच्छेदमा यस नगरपालिकाको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्या, चुनौती र अवसरहरू उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गरिएको छ । तेस्रो परिच्छेदमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन् । चौथो परिच्छेदमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापन, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् । पाँचौं परिच्छेदमा विद्यालय सुशासन तथा व्यवस्थापनअन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ । छैटौं परिच्छेदमा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन केकसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । सातौं परिच्छेदमा अनुगमन तथा मूल्याङ्कन योजनाको कार्यन्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्यमुख्य सूचकहरू उल्लेख गरिएको छ ।

# परिच्छेद-१

## १. परिचय

### १.१. भौगोलिक अवस्थिति

धर्मदेवी नगरपालिका नेपालको कोशी प्रदेश सङ्खुवासभा जिल्लाअन्तर्गत अवस्थित रहेको छ। यसको भौगोलिक अवस्थिति अक्षांश २७.४९० देखि २७.५१० डिग्री उत्तर र देशान्तर ८७.२१० देखि ८७.२६० डिग्री पूर्वको बीचमा पर्दछ। यस नगरपालिकाको कुल क्षेत्रफल करिब १३२.८२ वर्ग किलोमिटर रहेको छ। यसको सिमानामा पूर्वतर्फ मादी नगरपालिका र तेह्रथुम जिल्लाको लालिगुराँस नगरपालिका, पश्चिमतर्फ महालक्ष्मी नगरपालिका, धनकुटा र अरुण गाउँपालिका भोजपुर उत्तरतर्फ चैनपुर र मादी नगरपालिका, दक्षिणतर्फ महालक्ष्मी र लालिगुराँस नगरपालिका रहेका छन्। धर्मदेवी नगरपालिकाको नामकरण साविक तामाफोक माम्लिङ्ग र आँखिभुई गा.वि.स. संयुक्त समन्वयत्मक बैठकबाट नेपाल सरकारलाई नगरपालिका निर्माणका लागि साविक आँखिभुई गा.वि.स. १ मा रहेको धर्मदेवी मन्दिरको नामबाट नगरपालिकाको नामकरण गर्न अनुरोध भएबमोजिम नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७३/११/२६ गतेको निर्णयानुसार धर्मदेवी नगरपालिका नामकरण भएको हो; जसले स्थानीय पहिचान र गौरवलाई प्रतिबिम्बित गर्दछ।

हावापानीको दृष्टिले धर्मदेवी नगरपालिकामा सामान्यतः समशीतोष्ण जलवायु पाइन्छ। गर्मी याममा तापक्रम मध्यमदेखि उच्च रहने र वर्षायाममा पर्याप्त वर्षा हुने गर्दछ। जाडो याममा तापक्रम घट्ने भएकाले अत्यधिक चिसो देखिन्छ। यस प्रकारको हावापानी कृषि, वन तथा जैविक विविधताको दृष्टिले अनुकूल मानिन्छ।

पर्यटकीय सम्भावनाको हिसाबले यहाँ प्राकृतिक सौन्दर्य, धार्मिक तथा सांस्कृतिक स्थलहरू धर्मदेवी मन्दिर, पाथिभरा मन्दिर, शिवालय मन्दिरहरू, राधाकृष्ण मन्दिर, अक्करेश्वर मन्दिर, तेछेकोलिङ गुम्वा, तेङ्याचिङ्ग गुम्वा, साङ्गेदिछोलिङ्ग गुम्वा, न्यु लाइफ एफोस्टलिक, वस्तिम मण्डली लगायतका चर्च रहेका छन्। अरुण नदी, पिलुवा खोला, केवा खोला, माया खोला, मुलुवा खोला, ठुटे खोला, लाहाचुङ खोला, एकरुम्बा खोला लगायतका खोलाहरू रहेका छन् । गलैंचे पोखरी, सिंहदेवी जलाशय, पाँच

पोखरी, विभिन्न वनजङ्गल, डाँडाकाँडाहरू रमाइलो डाँडा, कवै डाँडा, दरबारे डाँडाजस्ता पर्यटकीय क्षेत्र तथा दूधनाथ गुफा, नागढुङ्गाजस्ता ऐतिहासिक वा सांस्कृतिक धरोहर तथा तिनजुरे मिल्के जलजले क्षेत्र विश्वको ३२ प्रजातिका लालीगुराँसमध्ये २८ प्रजातिका गुराँस पाइने क्षेत्रको केही भू-भाग पर्ने हुनाले आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनको राम्रो सम्भावना देखिन्छ। यद्यपि पूर्वाधार, प्रचार-प्रसार र व्यवस्थापनको कमीका कारण यी सम्भावनाहरू पूर्ण रूपमा उपयोग हुन सकेका छैनन्।

यस नगरपालिकाभित्र पाइने जैविक विविधतामा विभिन्न प्रजातिका वनस्पति, वन्यजन्तु तथा चराचुरुङ्गीहरू पर्दछन्। वन क्षेत्रले वातावरणीय सन्तुलन कायम राख्न, जलाधार संरक्षण गर्न र स्थानीय जीविकोपार्जनमा योगदान पुऱ्याएको छ। सीमित स्रोत साधन, वन्यजन्तु संरक्षण, वृक्षरोपण, सिंचाई तथा ढल व्यवस्थापन र जलवायु परिवर्तनका असरले जैविक विविधतामा चुनौती देखिन्छ ।

प्राकृतिक प्रकोप तथा जोखिमको दृष्टिले धर्मदेवी नगरपालिका बाढी, पहिरो, आगलागी, खडेरी तथा भूकम्पजस्ता जोखिमहरूसँग आंशिक रूपमा संवेदनशील रहेको छ। विशेष गरी वर्षायाममा नदी तथा खोलानालाबाट बाढी र पहिरोको जोखिम बढ्ने गर्दछ। जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, जनचेतना, सुरक्षित पूर्वाधार विकास तथा यस नगरपालिकाको आपत् कालीन व्यवस्थापन क्षमता सुदृढीकरण आवश्यक देखिन्छ।

समग्रमा, धर्मदेवी नगरपालिकामा प्रशस्त प्राकृतिक, जैविक तथा पर्यटकीय सम्भावना रहे तापनि दिगो व्यवस्थापन, जोखिम न्यूनीकरण र योजनाबद्ध विकासमार्फत् मात्र यी स्रोतहरूको समुचित उपयोग सम्भव छ।

## १.२. जनसाङ्ख्यिक संरचना

धर्मदेवी नगरपालिकाको जनसाङ्ख्यिक संरचनाले विविधता, गतिशीलता र विकासका चुनौती तथा सम्भावनालाई एकैसाथ प्रतिबिम्बित गर्दछ। जनसङ्ख्याको बनावटअन्तर्गत महिला ८,२२८ जना र पुरुष ७,८२५ जना गरी जम्मा १६,०५३ जनसङ्ख्या रहेको छ, भने प्रतिशतगत रुपमा हेर्दा महिला ५१.३ प्रतिशत र पुरुषको ४८.७ प्रतिशत छ भने साक्षरता दर ७९.०९ प्रतिशत रहेको पाइन्छ । उमेर गत जनसङ्ख्या यस प्रकार रहेको छ ।

| क्र.सं. | उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ९५ माथि | २ | २ | ४ |
| २ | ९०-९४ | १७ | १६ | ३३ |
| ३ | ८५-८९ | ३२ | ३२ | ६४ |
| ४ | ८०-८४ | ३७ | ४८ | ८५ |
| ५ | ७५-७९ | १२८ | १२८ | २५६ |
| ६ | ७०-७४ | २०९ | २०९ | ४१८ |
| ७ | ६५-६९ | २७३ | २७३ | ५४६ |
| ८ | ६०-६४ | ३५३ | ३८५ | ७३८ |
| ९ | ५५-५९ | ३५३ | ४०१ | ७५४ |
| १० | ५०-५४ | ४३३ | ४२५ | ८५८ |
| ११ | ४५-४९ | ३६९ | ४३३ | ८०२ |
| १२ | ४०-४४ | ४४९ | ५३० | ९७९ |
| १३ | ३५-३९ | ४६६ | ५६२ | १०२८ |
| १४ | ३०-३४ | ५३० | ५१४ | १०४४ |
| १५ | २५-२९ | ५७८ | ६२६ | १२०४ |
| १६ | २०-२४ | ६५८ | ७७१ | १४२९ |
| १७ | १५-१९ | ८५१ | ८६७ | १७१८ |
| १८ | १०-१४ | ७५४ | ७३८ | १४९२ |
| १९ | ०५-०९ | ७२२ | ६९० | १४१२ |
| २० | ००-०४ | ६११ | ५७८ | ११८९ |
| **जम्मा** | | **७८२५** | **८२२८** | **१६०५३** |

**स्रोत**: केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८

**वडागत जनसङ्ख्या**

तालिका १.२ धर्मदेवी नगरपालिकाको उमेरगत जनसङ्ख्या

| क्र.सं. | वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | १ | १०७९ | १०६८ | २१३९ |
| २ | २ | ७२८ | ७५८ | १४८६ |
| ३ | ३ | १५०८ | १५१२ | ३०२० |
| ४ | ४ | ७५५ | ७७९ | १५३४ |
| ५ | ५ | ९६५ | १०१५ | १९८० |
| ६ | ६ | ७६६ | ८६३ | १२२९ |
| ७ | ७ | ५७१ | ६४० | १२११ |
| ८ | ८ | ६६९ | ७४२ | १४११ |
| ९ | ९ | ७८४ | ८५१ | १६३५ |
| **जम्मा** | | **७८२५** | **८२२८** | **१६०५३** |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगरणा, २०७८

बालबालिका, किशोर-किशोरी, कार्यशील उमेर (१५-५९ वर्ष) तथा ज्येष्ठ नागरिकको जनसङ्ख्या वितरणले भविष्यको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा आवश्यकतालाई सङ्केत गर्दछ।

धर्मदेवी नगरपालिकामा अल्पसङ्ख्यक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायहरूको केही उपस्थिति रहेको छ। यी समूहहरू सामाजिक, आर्थिक तथा शैक्षिक पहुँचका दृष्टिले अझै पनि जोखिममा रहेको अवस्था देखिन्छ; जसले लक्षित तथा समावेशी नीतिको आवश्यकता औंल्याउँछ।

जनसङ्ख्याको वृद्धिदर घट्दो अवस्थामा रहेको देखिन्छ। जन्मदर, मृत्युदर, स्वास्थ्य सेवामा पहुँच तथा बसाईँसराइका प्रवृत्तिले यस वृद्धिदरलाई प्रभाव परेको छ। यदि हालको अवस्था निरन्तर रहेमा आगामी वर्षहरूमा कार्यशील उमेर समूहको हिस्सा क्रमशः घट्ने र ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्ने सम्भावना देखिन्छ।

बसाईँसराइको दृष्टिले यो नगरपालिका श्रम-आधारित बाह्य तथा आन्तरिक बसाईँसराइबाट प्रभावित छ। रोजगारी, शिक्षा र सेवा सुविधाको खोजीमा युवा वर्गको बाहिरिने प्रवृत्तिले स्थानीय उत्पादनशीलता र विद्यालय उमेर समूहको सङ्ख्यामा असर पारेको छ। जनसङ्ख्याको समग्र प्रक्षेपणले दीर्घकालीन रुपमा शिक्षा, सीप विकास, रोजगारी सिर्जना र सामाजिक संरक्षण कार्यक्रमलाई जनसाङ्ख्यिक यथार्थसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता स्पष्ट पार्दछ।

समग्रमा, धर्मदेवी नगरपालिकाको जनसाङ्ख्यिक संरचनाले समावेशी विकास, लक्षित शिक्षा तथा मानव शंसाधन विकास रणनीतिका लागि बलियो आधार प्रदान गर्दछ।

## १.३. सामाजिक तथा सांस्कृतिक अवस्थाः

धर्मदेवी नगरपालिका सामाजिक, सांस्कृतिक र भाषिक विविधताले सम्पन्न क्षेत्रका रूपमा परिचित छ। यहाँ विभिन्न जातजाति बाह्मण, क्षेत्री, राई, याख्खा, लिम्बू, शेर्पा, गुरुङ, मगर, तामाङ, विश्वकर्मा, दर्जी, नेपाली, सुनार, नेवार समुदायहरूको बसोबास रहेको छ; जसले आपसी सहअस्तित्व, सहिष्णुता र सामाजिक सद्भावको परम्परालाई बलियो बनाएको छ। हिन्दू, बौद्ध, मुस्लिम, किराँत, इसाई तथा अन्य धर्मावलम्बीहरूको उपस्थिति रहेको यस क्षेत्रमा धार्मिक सहिष्णुता र विविध आस्था-प्रणाली सामाजिक जीवनको अभिन्न अङ्गका रूपमा विकसित भएका छन्।

यस नगरपालिकामा प्रचलित परम्परा, संस्कृति, चाडपर्व, संस्कार, लोककला तथा सांस्कृतिक अभ्यासहरूले समुदायको पहिचान, मूल्यमान्यता र सामाजिक आचरणलाई निर्देशित गर्दछन् । यस्ता सांस्कृतिक सम्पदाले सामाजिक एकता, नैतिक शिक्षा र अन्तरपुस्तीय सम्बन्ध सुदृढ गर्न महत्वपूर्ण भूमिका खेलेका छन्। तथापि आधुनिक जीवनशैली, शहरीकरण र वैदेशिक प्रभावका कारण केही परम्परागत अभ्यासहरू क्रमशः लोपोन्मुख हुने जोखिममा रहेका छन्।

भाषिक दृष्टिले धर्मदेवी नगरपालिका बहुभाषिक प्रकृतिको छ । नेपाली भाषासँगै विभिन्न याख्खा, मगर, शेर्पा, तामाङ, गुरुङजस्ता मातृभाषाहरू प्रयोगमा छन्; जसले सांस्कृतिक पहिचान र सिकाइ प्रक्रियामा विशेष महत्त्व राख्दछन् । मातृभाषामा आधारित शिक्षा तथा सञ्चारले बालबालिकाको सिकाइ सहज बनाउने र समावेशी शिक्षा प्रवर्द्धन गर्ने सम्भावना देखिन्छ।

धर्मदेवी नगरपालिकामा पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको रैथाने ज्ञान, सीप र प्रविधि, कृषि, पशुपालन, जडीबुटी, घरेलु उद्योग, वास्तुकला, खानपान र प्राकृतिक स्रोत व्यवस्थापनसँग जोडिएका छन् । यस्ता ज्ञान र सीपहरूले स्थानीय जीविकोपार्जन, आत्मनिर्भरता र दीगो विकासमा योगदान पुऱ्याउँदै आएका छन्। यद्यपि पर्याप्त अभिलेखीकरण, प्रवर्द्धन र आधुनिक प्रविधिसँगको समन्वयको अभावले यी ज्ञान-सीपहरूको निरन्तरतामा चुनौती परेको देखिन्छ।

समग्रमा, सामाजिक-सांस्कृतिक विविधता, मातृभाषा र रैथाने ज्ञान धर्मदेवी नगरपालिकाका अमूल्य सम्पदा हुन्। तिनको संरक्षण, प्रवर्द्धन र शिक्षा तथा विकास योजनासँग एकीकरण गर्नु दीर्घकालीन सामाजिक विकासका लागि अपरिहार्य देखिन्छ।

## १.४. आर्थिक अवस्था

धर्मदेवी नगरपालिकाको आर्थिक संरचना मुख्यतः कृषि, सेवा, व्यापार तथा उद्यमशीलतामा आधारित रहेको छ । परम्परागत कृषि यहाँको प्रमुख व्यवसायका रूपमा विद्यमान छ; जसअन्तर्गत अन्नबाली, तरकारी, फलफूल, अलैंची, किवी, कफी, कुरिलो, एभोकाडो, सुन्तला, हलुवावेद, जापानिज हलुवावेद, पिकानट, मेकेडेमियानट, अन्जिर, बुद्धचित्त, रुद्राक्ष, अम्लिसो, पशुपालन तथा साना स्तरका कृषिमा आधारित गतिविधिहरू सञ्चालन भइरहेका छन्। यद्यपि सिँचाइ, प्रविधि, बजार पहुँच र मूल्य श्रृङ्खलाको सीमितताका कारण कृषि क्षेत्रको उत्पादकत्व अपेक्षा अनुसार वृद्धि हुन सकेको छैन।

उद्योग तथा व्यापारको क्षेत्रमा घरेलु तथा साना उद्योगहरू खाद्य प्रशोधन, हस्तकला, निर्माण सामग्री, सिलाइकटाइ तथा कृषिमा आधारित उद्योगहरू आर्थिक क्रियाकलापका महत्वपूर्ण आधार बनेका छन्। स्थानीय बजार, साना व्यापारिक

प्रतिष्ठान र पेशा व्यवसायले रोजगारी सिर्जना गरिरहेका भए पनि पूँजी, सीप, प्रविधि र लगानी वातावरणको कमजोरीले यस क्षेत्रको विस्तार सीमित रहेको देखिन्छ।

पर्यटन सम्भावनाको दृष्टिले धर्मदेवी नगरपालिकामा प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाले आन्तरिक पर्यटन प्रवर्द्धनको अवसर प्रदान गरेका छन्। होमस्टे, धार्मिक यात्रा, विभिन्न झरना, गुफा, मठमन्दिर र गुम्वा किराँती प्रथम राजा यलकम्वरको पूर्ण कदको विश्वको सवैभन्दा ठुलो मूर्ती, स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्यमा आधारित पर्यटन गतिविधिले आयआर्जन र रोजगारी सिर्जनामा योगदान पुऱ्याउने सम्भावना रहे तापनि पूर्वाधार विकास, प्रवर्द्धन र व्यवस्थापन अझै अपर्याप्त छन्।

रोजगारीका अवसरहरू सीमित भएकाले श्रमशक्तिको उल्लेखनीय हिस्सा आन्तरिक तथा वैदेशिक रोजगारीमा संलग्न रहेको छ । रेमिट्यान्सले घरायसी अर्थतन्त्रमा योगदान पुऱ्याए पनि दीर्घकालीन उत्पादनशील क्षेत्रमा यसको न्यून प्रयोग चुनौतीका रूपमा देखिन्छ।

समग्रमा, धर्मदेवी नगरपालिकाको आर्थिक विकासका लागि कृषि आधुनिकीकरण, साना तथा मध्यम उद्यम प्रवर्द्धन, पर्यटन विकास र सीपमूलक रोजगारी सिर्जनालाई एकीकृत रूपमा अघि बढाउनु आवश्यक देखिन्छ । बोलीखाने भन्दा गरीखाने शिक्षा उपलव्ध गराउनुका साथै शिक्षालाई सीप, सीपलाई श्रम र श्रमलाई रोजगारीसँग आबद्ध गरी समग्र व्यक्तिको सामाजिक, आर्थिक हैसियत अभिवृद्धि गर्ने किसिमको शिक्षा हुनु आवश्यक देखिन्छ ।

## १.५. शैक्षिक अवस्थाः

| उपक्षेत्र | अवस्थाको विश्लेषण |
|---|---|
| **प्रारम्भिक बालविकास तथा शिक्षा** | **प्रारम्भिक बालविकास तथा शिक्षा** बालबालिकाको समग्र विकासको आधार हो। धर्मदेवी नगरपालिकामा प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या ३२ रहेको छ भने ती केन्द्रहरूमा समेटिएका बालबालिकाको सङ्ख्या ३७५ रहेको छ। |

| | |
|---|---|
| | केन्द्रहरूको भौगोलिक वितरण र सेवा गुणस्तरमा एकरूपता नदेखिने अवस्था छ।<br><br>लैङ्गिक दृष्टिले प्रारम्भिक तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। यद्यपि अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको पहुँच र नियमितता अझै चुनौतीपूर्ण छ। अपाङ्गता-मैत्री पूर्वाधार, विशेष सिकाइ सामग्री र समावेशी शिक्षण अभ्यासको अभाव यसका प्रमुख कारण हुन्।<br><br>प्रारम्भिक बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताको सङ्ख्या ३२ रहेको छ। अधिकांश सहजकर्ताले आधारभूत तालिम प्राप्त गरे पनि खेल-आधारित सिकाइ, बालमनोविज्ञान र समावेशी शिक्षण विधिमा निरन्तर क्षमता अभिवृद्धि आवश्यक देखिन्छ। सहजकर्ता र बालबालिकाको अनुपात १:१२ रहेको छ; जुन केही बालविकास केन्द्रमा मापदण्ड अनुकूल छैन।<br><br>पूर्वाधारको दृष्टिले सुरक्षित, बालमैत्री कक्षाकोठा, खानेपानी, शौचालय, खेल सामग्री तथा सिकाइ कुनाको उपलब्धता केन्द्रगत रूपमा असमान छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग न्यून रहेको छ र डिजिटल सिकाइ सामग्री सीमित केन्द्रहरूमा मात्र प्रयोगमा आएका छन्।<br><br>जलवायु तथा वातावरणीय दृष्टिले केही केन्द्रहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसोको जोखिममा रहेका छन्; जसले बालबालिकाको नियमितता र स्वास्थ्यमा असर पुऱ्याएको छ। सुरक्षित पूर्वाधार र वातावरणीय सचेतना कार्यक्रमको आवश्यकता देखिन्छ।<br><br>समग्रमा, धर्मदेवी नगरपालिकामा प्रारम्भिक बालविकासमा पहुँच विस्तार भए तापनि समावेशिता, गुणस्तर, पूर्वाधार र वातावरणीय |

| | |
|---|---|
| | सुरक्षामा सुधार आवश्यक छ । लक्षित कार्यक्रम, सहजकर्ताको क्षमता विकास र बालमैत्री वातावरण निर्माणमार्फत् प्रारम्भिक शिक्षाको गुणस्तर सुदृढ गर्न सकिने सम्भावना देखिन्छ। |
| **आधारभूत शिक्षा** | आधारभूत शिक्षा (कक्षा १-८) सबै बालबालिकाको मौलिक अधिकार र जीवनोपयोगी सिकाइको आधार हो। धर्मदेवी नगरपालिकामा आधारभूत तहका विद्यालयहरूको सङ्ख्या ३८ रहेको छ भने अध्ययनरत विद्यार्थीको सङ्ख्या २०५७ रहेको छ। भर्ना दरमा सुधार देखिए तापनि कक्षा दोहोरिने, कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ।<br><br>लैङ्गिक दृष्टिले आधारभूत तहमा छात्रछात्राको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ । यद्यपि दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको नियमितता र सिकाइ उपलब्धि अपेक्षाकृत रूपमा कमजोर रहेको अवस्था पाइन्छ। अपाङ्गता-मैत्री पूर्वाधार, सहायक सामग्री तथा समावेशी शिक्षण विधिको अभाव यसका प्रमुख कारण हुन् ।<br><br>विद्यालयबाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या ४ रहेको अनुमान छ । विद्यालयहरूको भौगोलिक वितरण केही क्षेत्रमा पहुँचमैत्री र केही क्षेत्रमा दुर्गम देखिन्छ । विद्यार्थी-शिक्षक अनुपात औसत १३:१ रहेको छ भने गणित, विज्ञान र अङ्ग्रेजी विषयमा विषयगत दक्ष शिक्षकको अभाव देखिन्छ।<br><br>विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयहरूमा बहुकक्षा र बहुतह (Multi-grade Multi-level) पठनपाठन सञ्चालन भइरहेको अवस्था छ । उचित तालिम, सामग्री र व्यवस्थापनको अभावले यसको |

| | |
|---|---|
| | प्रभावकारिता सीमित भए पनि व्यवस्थित रूपमा लागू गर्न सकेमा पहुँच र लागत प्रभावकारिता सुधार गर्ने सम्भावना देखिन्छ।<br><br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ । सिकाइ सामग्री तथा स्थानीय सन्दर्भअनुकूल पाठ्यसामग्रीको उपलब्धता सीमित रहेको छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग अझै न्यून छ; जसले प्रविधि-आधारित सिकाइ विस्तारमा चुनौती सिर्जना गरेको छ ।<br><br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसोजस्ता जोखिममा रहेका छन्; जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पारेको छ। सुरक्षित विद्यालय पूर्वाधार, विपद् पूर्वतयारी र वातावरणीय शिक्षाको आवश्यकता देखिन्छ।<br><br>समग्रमा, धर्मदेवी नगरपालिकामा आधारभूत शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा जलवायु अनुकूल विद्यालय विकासमा अझै सुधार आवश्यक देखिन्छ। लक्षित समावेशी कार्यक्रम र गुणस्तर सुधारका पहलमार्फत् आधारभूत शिक्षालाई सुदृढ बनाउन सकिने सम्भावना देखिन्छ। |
| **माध्यमिक शिक्षा** | माध्यमिक शिक्षा (कक्षा ९-१२) विद्यार्थीहरूको जीवनोपयोगी सीप, विश्लेषणात्मक सोच र भविष्यका अवसरका लागि आधार तयार गर्ने महत्वपूर्ण चरण हो । धर्मदेवी नगरपालिकामा माध्यमिक विद्यालयहरूको सङ्ख्या ८ रहेको छ भने ती विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या ६५७ रहेको छ । |

| | |
|---|---|
| | भर्ना दरमा सुधार भए तापनि कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ ।<br><br>लैङ्गिक दृष्टिले माध्यमिक तहमा छात्र र छात्राको सहभागिता ५०.०७% र ४९.९३% रहेको छ । अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका विद्यार्थीहरूको सहभागी दर अपेक्षाकृत कम जसले लक्षित समावेशी हस्तक्षेपको आवश्यकता औंल्याउँछ।<br><br>विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या नरहेको अनुमान छ । शिक्षक-विद्यार्थी अनुपात औसत १:१७ रहेको छ । विषयगत दक्ष शिक्षक विशेष गरी गणित, विज्ञान, अङ्ग्रेजी तथा प्राविधिक/व्यावसायिक विषयमा सीमित उपलब्ध छन्; जसले सिकाइ गुणस्तरमा असर पुऱ्याएको छ ।<br><br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ । सिकाइ सामग्री, प्रयोगात्मक उपकरण तथा ICT सामग्रीको पहुँच न्यून छ ।<br><br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसोजस्ता जोखिममा रहेका छन्; जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पुऱ्याएको छ । सुरक्षित पूर्वाधार, वातावरणीय शिक्षा र विपद् तयारी कार्यक्रम आवश्यक देखिन्छ ।<br><br>समग्रमा, धर्मदेवी नगरपालिकामा माध्यमिक शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार र ICT प्रविधि विस्तारमा सुधार आवश्यक छ । लक्षित योजना र गुणस्तर सुधारका पहलमार्फत् माध्यमिक शिक्षाको प्रभावकारिता वृद्धि गर्न सकिने सम्भावना देखिन्छ । |

| | |
|---|---|
| **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | अनौपचारिक शिक्षा र आजीवन सिकाइले सबै उमेर समूहका नागरिकलाई जीवनोपयोगी सीप, साक्षरता र आर्थिक अवसर प्रदान गर्ने महत्वपूर्ण माध्यमको रूपमा काम गर्दछ । धर्मदेवी नगरपालिकामा विभिन्न अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालनमा रहेका छन्; जसमा **साक्षरता अभियान, बालबालिका र युवा लक्षित कार्यक्रम, महिला साक्षरता समूह, सीप विकास तालिम** लगायतका पहलहरू सामुदायिक सिकाइ केन्द्रहरू र धर्मदेवी सामुदयिक पुस्तकालयले गर्दैं आएको छ ।<br><br>वैकल्पिक शिक्षा कार्यक्रम, जस्तैः पुनःभर्ना, विद्यालय बाहिरका बालबालिका र किशोरकिशोरीका लागि सञ्चालन गरिएका कार्यक्रमहरू, सामाजिक र आर्थिक पृष्ठभूमिअनुसार लक्षित गरी कार्यान्वयन भइरहेका छन् । यसले बालबालिका, युवा र महिला समावेशीकरणमा सकारात्मक योगदान पुऱ्याएको छ । तथापि समूहगत सहभागिता, नियमितता र गुणस्तरमा अझै सुधारको आवश्यकता देखिन्छ।<br><br>आयआर्जन तथा व्यावसायिक सीपसँग जोडिएका तालिम कार्यक्रमले समुदायका सदस्यलाई आत्मनिर्भर र रोजगारी सक्षम बनाउने उद्देश्य राख्दछन् । यस धर्मदेवी नगरपालिकामा सञ्चालन भएका **कृषि, हस्तकला, सिलाइकटाइ, आईटी/प्रविधि र स्थानीय उत्पादनसँग आधारित तालिम**मा सहभागीको भई तालिम प्राप्त बनाइएको छ । यस्ता तालिमहरूले दीगो आयआर्जनको सम्भावना बढाउने भए तापनि तालिमपछि रोजगारी र बजार पहुँचमा चुनौतीहरू देखिन्छन् ।<br><br>सामुदायिक पुस्तकालय, सिकाइ केन्द्र र डिजिटल स्रोतहरूको पहुँचमा अझै असमानता छ । धेरै स्थानमा पुस्तकालय सञ्चालन भए तापनि बालबालिका, युवा र महिला समुदायले त्यसको पूर्ण उपयोग गर्न सकेका छैनन् । पुस्तकालय, सीप परीक्षण, प्रशिक्षण |

| | |
|---|---|
| | र परामर्शलाई एकीकृत गर्दै स्थानीय स्तरमा सिकाइ वातावरणलाई अझ प्रभावकारी बनाउनु आवश्यक छ ।<br><br>यस धर्मदेवी नगरपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमले साक्षरता, सीप विकास र समुदाय सहभागितामा उल्लेखनीय योगदान पुऱ्याएका छन् । तथापि, निरक्षरता न्यूनीकरण, गुणस्तरीय कार्यक्रम विस्तार, लक्षित समूहको समावेशी सहभागिता, आयआर्जन तथा सीपको व्यावसायिक उपयोग र स्थानीय पुस्तकालय तथा ज्ञान स्रोतको सशक्तीकरणलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ । यसले दीर्घकालीन रूपमा समुदायमा जीवनभर सिकाइको वातावरण र दीगो विकास सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ। |

यस धर्मदेवी नगरपालिकामा शिक्षाको पहुँच विस्तार भएको देखिन्छ । प्रारम्भिक बालविकास कक्षादेखि माध्यमिक तहसम्म विद्यार्थीहरूको भर्ना र सहभागिता वृद्धि भएको छ । प्रारम्भिक बालविकास र आधारभूत तहमा लैङ्गिक समानता अपेक्षाकृत सन्तुलित देखिन्छ भने माध्यमिक तहमा बालिकाको निरन्तरतामा केही कमी छ । अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको पहुँच र सिकाइ उपलब्धि अझै चुनौतीपूर्ण छ; जसले लक्षित समावेशी कार्यक्रमको आवश्यकता औँल्याउँछ ।

शिक्षक क्षमता र व्यवस्थापनमा सुधार आवश्यक देखिन्छ । विशेष गरी विषयगत दक्ष शिक्षकको अभाव, शिक्षक-विद्यार्थी अनुपातको असमानता, बहुकक्षा/बहुस्तरको अभ्यास प्रारम्भिक र आधारभूत तहमा मात्र सीमित रहेको अवस्था, सिकाइ गुणस्तरमा प्रत्यक्ष असर पुऱ्याउँछ ।

पूर्वाधार, सिकाइ सामग्री र ICT पहुँच असमान रहेको छ । सुरक्षित, बालमैत्री र अपाङ्गतामैत्री कक्षाकोठा, पुस्तकालय, प्रयोगात्मक सामग्री र डिजिटल स्रोतहरूको अभावले गुणस्तरीय शिक्षण सिकाइमा चुनौती सिर्जना गरेको छ । जलवायु तथा

वातावरणीय जोखिम, जस्तैः बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो, विद्यालय र बालविकास केन्द्रको नियमितता तथा पूर्वाधारमा प्रभावकारी असर पुऱ्याएको छ ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइले समुदायमा साक्षरता, सीप विकास र जीवनोपयोगी सीप प्रदान गर्ने महत्वपूर्ण भूमिका खेल्दै आएको छ । तथापि निरक्षरता न्यूनीकरण, गुणस्तरीय तालिम, आयआर्जन र व्यावसायिक सीपको प्रयोग तथा सामुदायिक पुस्तकालय र ज्ञान स्रोतहरूको उपयोगमा अझ सुधार आवश्यक देखिन्छ।

धर्मदेवी नगरपालिकाको शिक्षा क्षेत्रमा पहुँच र समावेशिता विस्तार भए तापनि गुणस्तरीय सिकाइ, समावेशी पहुँच, शिक्षक क्षमता, पूर्वाधार सुधार, ICT पहुँच र वातावरणीय जोखिम व्यवस्थापन मुख्य चुनौती बनेका छन् । यसका लागि तथ्याङ्कमा आधारित लक्षित कार्यक्रम, समावेशी नीतिहरू, बालमैत्री वातावरण निर्माण, शिक्षक क्षमता अभिवृद्धि र स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक छ । यी पहलहरू सफलतापूर्वक कार्यान्वयन भएमा यस नगरपालिकामा दीगो, गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकास गर्न सकिने स्पष्ट सम्भावना छ ।

### १.५.१. सबल पक्ष

धर्मदेवी नगरपालिकाले शिक्षा क्षेत्रमा समावेशिता, गुणस्तर र पहुँच विस्तारका लागि विभिन्न असल अभ्यासहरू लागू गर्दै आएको छ । प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म बालबालिकाको समग्र विकास सुनिश्चित गर्न सुरक्षित, बालमैत्री र अपाङ्गतामैत्री कक्षाकोठा निर्माण गरिएको छ । प्रारम्भिक तहमा खेलमा आधारित सिकाइ, बालमनोविज्ञान र अभिभावक सहभागिता कार्यक्रम सञ्चालन गरिएको छ; जसले बालबालिकाको नियमित उपस्थिति र सिकाइ प्रभावकारिता बढाउन सहयोग पुऱ्याएका छन् ।

आधारभूत र माध्यमिक तहमा लैङ्गिक समानता सुनिश्चित गर्दै बालबालिकाको सहभागिता सन्तुलन कायम गरिएको छ । दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहको सहभागिता बढाउन लक्षित कार्यक्रम सञ्चालन भएका छन् । शिक्षक व्यवस्थापनमा

सुधार गर्दै विषयगत दक्ष शिक्षकको नियुक्ति र निरन्तर पेशागत विकास कार्यक्रम सञ्चालन गरिएका छन् । शिक्षकविद्यार्थी अनुपात सुधार गर्ने, तालिम र क्षमता अभिवृद्धिमार्फत् सिकाइ गुणस्तर वृद्धि गर्ने पहलहरू सफल देखिएका छन् ।

पूर्वाधार र सिकाइ वातावरण सुधारका लागि विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला, खेलकुद सामग्री र ICT उपकरण उपलब्ध गराइएका छन् । विद्यालय भवनमा हरित र वातावरणीय सचेत पूर्वाधार लागू गरेर जलवायु जोखिम न्यूनीकरणमा कदम चालिएको छ । साथै, अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रममार्फत् महिला, युवा र अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता र व्यावसायिक सीप विकासमा योगदान पुऱ्याइएको छ । आयआर्जन, कृषि, हस्तकला र स्थानीय उत्पादनका तालिमहरूले समुदायमा आत्मनिर्भरता वृद्धि गरेका छन् ।

यस नगरपालिकाले विद्यालय व्यवस्थापन समिति र अभिभावक/समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्दै योजना, अनुगमन र मूल्याङ्कन प्रक्रियामा सुधार गरेको छ । विद्यालय र समुदायबीच सहकार्य बढाएर सिकाइ गुणस्तर सुधार, समावेशी शिक्षा विस्तार र बालबालिकाको नियमित उपस्थिति सुनिश्चित गरिएको छ । यसरी लागू गरिएका असल अभ्यासहरूले यस नगरपालिकामा समावेशी, गुणस्तरीय, बालमैत्री र दीगो शिक्षा प्रणाली विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् र अन्य स्थानीय तहका लागि नमुनाको रूपमा समेत प्रस्तुत गर्न सकिन्छ ।

### १.५.२. शिक्षा क्षेत्रका समस्या

क) विद्यालय शिक्षामा सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित गर्न नसक्नु,

ख) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्न नसक्नु,

ग) अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गराउन नसक्नु,

घ) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्न नसक्नु,

ङ) बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्न नसक्नु,

च) स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु,

छ) विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी पर्याप्त नहुनु,

ज) सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच नहुनु र प्रभावकारी प्रयोग गर्न नसक्नु,

झ) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर पर्याप्त उपलब्ध गराउन नसक्नु,

ञ) वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु,

ट) विद्यालय र बालविकास केन्द्रको भौतिक पूर्वाधार विकासमा पर्याप्तता नहुनु,

ठ) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु उत्थानशीलता सुनिश्चित गर्न नसक्नु,

ड) पाठ्यक्रमले तोकेको ढाँचा अनुरूप विद्यालयमा विद्यार्थी मुल्याङ्कन हुन नसक्नु ।

### १.५.३. अवसर

क) संवैधानिक तथा कानुनी आधारहरू प्राप्त हुनु,

ख) शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु,

ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले शिक्षाका अधिकार यस नगरपालिकामा प्रदान गर्नु,

घ) तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु,

ङ) सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,

च) स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायुको उत्थानशील परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु,

छ) स्थानीयतहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु,

ज) वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षा क्षेत्रको अवसरको रूपमा प्राप्त हुनु।

### १.५.४. चुनौती

क) लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जातजाति आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न,

ख) जनसाङ्खिकीय प्रवृत्ति (विशेषतः जन्म र बसाइँसराइ), बनोट र बसोबास साथै भौगोलिक विकटताका कारण व्यावहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता प्राप्त गर्न,

ग) स्थानीय परिवेशका कारण भइरहेको विद्यालय शिक्षक दरवन्दीलाई न्यायोचित वितरण गर्न,

घ) विद्यालयमा थप आर्थिक व्यवस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा पूर्णरूपमा कार्यान्वयन गर्न,

ङ) दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम, पाठ्यपुस्तक तथा मुल्याङ्कन प्रणालीमा सुधार र शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न,

च) विपद् अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर प्रदान गर्न आपत्कालीन पर्याप्त स्रोतसाधनको प्रयोग गर्न,

छ) जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित गर्न,

ज) सबै विद्यालयमा तोकिएअनुसार भौतिक पूर्वाधार निर्माण र हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत व्यवस्थापन गर्न,

झ) जलवायु परिवर्तनबाट सिर्जित नकारात्मक असर न्यूनीकरण गर्ने उपायहरू अवलम्बन गर्न,

ञ) अङ्ग्रेजी भाषाप्रति समुदायको अभिरुचिमा आएको बढोत्तरीका कारण सामुदायिक विद्यालयप्रति आकर्षण घट्नु।

# परिच्छेद-२

## २. दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१. दूरदृष्टिः

समावेशी, गुणस्तरीय, प्रविधिमैत्री, सीपमूलक तथा जीवनोपयोगी शिक्षा प्रणालीको विकास गरी दक्ष, नैतिकवान्, अनुशासित, सिर्जनशील, प्रतिस्पर्धी र उत्पादनशील मानव स्रोत निर्माणमार्फत् समृद्ध धर्मदेवीको आधार सुदृढ बनाउने।

### २.२. लक्ष्यः

धर्मदेवी नगरपालिकामा समतामूलक पहुँच, समावेशिता, गुणस्तर, प्रविधिमैत्री शिक्षण, सीप विकास, जीवनोपयोगी सिकाइ तथा प्रभावकारी शैक्षिक सुशासन सुनिश्चित गर्दै दक्ष, नैतिकवान्, अनुशासित, सिर्जनशील, प्रतिस्पर्धी र उत्पादनशील मानव स्रोतको विकास गर्नु।

### २.३. उदेश्य

क) सबै बालबालिका तथा सिकाइ आवश्यकतामा रहेका नागरिकका लागि समतामूलक, समावेशी र न्यायपूर्ण शैक्षिक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

ख) शिक्षणसिकाइ प्रक्रियाको गुणस्तर अभिवृद्धि गर्दै विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्नु,

ग) शिक्षणसिकाइ, शैक्षिक व्यवस्थापन तथा मूल्याङ्कनमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग र विस्तार गर्नु,

घ) स्थानीय आवश्यकता र श्रम बजारसँग आबद्ध सीपमूलक, व्यावसायिक तथा जीवनोपयोगी शिक्षाको विकास र प्रवर्द्धन गर्नु,

ङ) विद्यार्थीमा नैतिकता, अनुशासन, सिर्जनशीलता, नेतृत्व क्षमता, नवप्रवर्तनशीलता तथा सकारात्मक जीवनमूल्यको विकास गर्नु,

च) शिक्षक, विद्यालय व्यवस्थापन तथा शैक्षिक संस्थागत क्षमताको अभिवृद्धि गरी उत्तरदायी, पारदर्शी र प्रभावकारी शैक्षिक सुशासन सुनिश्चित गर्नु,

छ) सुरक्षित, बालमैत्री, समावेशी तथा प्रविधिमैत्री शैक्षिक पूर्वाधार र सिकाइ वातावरणको विकास गर्नु,

ज) रोजगारी, उद्यमशीलता र स्थानीय आर्थिक विकासमा योगदान पुऱ्याउने दक्ष, प्रतिस्पर्धी र उत्पादनशील मानव स्रोत विकास गर्नु,

झ) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु उत्थानशीलता सुनिश्चित गर्नु।

## २.४. रणनीति

| उद्देश्य | रणनीति |
|---|---|
| १. सबै बालबालिका तथा सिकाइ आवश्यकतामा रहेका नागरिकका लागि समतामूलक, समावेशी र न्यायपूर्ण शैक्षिक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु | १. विद्यालय उमेर समूहका सबै बालबालिकाको भर्ना, निरन्तरता र सिकाइमा सहभागिता सुनिश्चित गर्ने, |
| | २. विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने, |
| | ३. विपन्न, अपाङ्गता भएका, दलित, जनजाति तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाका लागि सहयोग तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने, |
| | ४. विद्यालय, अभिभावक र समुदायबीच सहकार्य तथा उत्तरदायित्व अभिवृद्धि गर्ने, |
| | ५. विद्यालय पहुँचमा रहेका भौगोलिक तथा सामाजिक अवरोध न्यूनीकरण गर्ने । |

| | |
|---|---|
| २. शिक्षणसिकाइ प्रक्रियाको गुणस्तर अभिवृद्धि गर्दै विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्नु | १. विद्यार्थी केन्द्रित तथा सिकाइ उपलब्धिमा आधारित शिक्षण विधि अवलम्बन गर्ने, |
| | २. शिक्षकको पेशागत क्षमता विकास तथा निरन्तर सिकाइलाई प्रवर्द्धन गर्ने, |
| | ३. पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको प्रभावकारी उपयोग सुनिश्चित गर्ने, |
| | ४. सिकाइ उपलब्धिको नियमित मूल्याङ्कन, अनुगमन तथा पृष्ठपोषण प्रणाली विकास गर्ने, |
| | ५. विद्यालयको शैक्षिक कार्यसम्पादन मूल्याङ्कन तथा सुधार योजना कार्यान्वयन गर्ने । |
| ३. शिक्षणसिकाइ, शैक्षिक व्यवस्थापन तथा मूल्याङ्कनमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग र विस्तार गर्नु | १. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित पूर्वाधार र उपकरणको विस्तार गर्ने, |
| | २. शिक्षक, विद्यार्थी तथा कर्मचारीको डिजिटल साक्षरता र ICT सीप विकास गर्ने, |
| | ३. डिजिटल शिक्षण सामग्री तथा प्रविधिमा आधारित सिकाइ प्रणाली विकास गर्ने, |
| | ४. विद्यालय प्रशासन, अभिलेख तथा मूल्याङ्कन प्रणालीलाई क्रमशः डिजिटल बनाउने, |
| | ५. सूचना प्रविधिको सुरक्षित, जिम्मेवार र प्रभावकारी प्रयोगलाई प्रवर्द्धन गर्ने। |

| | |
|---|---|
| ४. स्थानीय आवश्यकता र श्रम बजारसँग आबद्ध सीपमूलक, व्यावसायिक तथा जीवनोपयोगी शिक्षाको विकास र प्रवर्द्धन गर्नु | १. स्थानीय स्रोत, सम्भावना तथा श्रम बजारको मागअनुसार सीपमूलक कार्यक्रम सञ्चालन गर्ने, |
| | २. विद्यालयमा जीवनोपयोगी, उद्यमशीलता तथा व्यावसायिक शिक्षा प्रवर्द्धन गर्ने, |
| | ३. स्थानीय उद्योग, व्यवसाय तथा सरोकारवालासँग सहकार्य विस्तार गर्ने, |
| | ४. स्थानीय पाठ्यक्रममा सीप, उद्यमशीलता तथा जीवनोपयोगी विषय समावेश गर्ने, |
| | ५. सीप प्राप्त विद्यार्थीलाई स्वरोजगार तथा उद्यम विकासमा प्रोत्साहन गर्ने। |
| ५. विद्यार्थीमा नैतिकता, अनुशासन, सिर्जनशीलता, नेतृत्व क्षमता, नवप्रवर्तनशीलता तथा सकारात्मक जीवनमूल्यको विकास गर्नु | १. विद्यालयमा नैतिक शिक्षा, नागरिक शिक्षा तथा जीवनमूल्यमा आधारित कार्यक्रम सञ्चालन गर्ने, |
| | २. अतिरिक्त तथा सहपाठ्यक्रम गतिविधिमार्फत नेतृत्व र सिर्जनशीलता विकास गर्ने, |
| | ३. विद्यालयमा सकारात्मक अनुशासन तथा बालमैत्री व्यवहार प्रवर्द्धन गर्ने, |
| | ४. नवप्रवर्तन, अनुसन्धान तथा सिर्जनात्मक सिकाइलाई प्रोत्साहन गर्ने, |
| | ५. सामाजिक उत्तरदायित्व, स्वयंसेवा तथा सामुदायिक सहभागिता अभिवृद्धि गर्ने। |

| | |
|---|---|
| ६. शिक्षक, विद्यालय व्यवस्थापन तथा शैक्षिक संस्थागत क्षमताको अभिवृद्धि गरी उत्तरदायी, पारदर्शी र प्रभावकारी शैक्षिक सुशासन सुनिश्चित गर्नु | १. शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गर्ने, |
| | २. विद्यालयमा योजना, वित्तीय व्यवस्थापन तथा उत्तरदायित्व प्रणाली सुदृढ गर्ने, |
| | ३. नियमित अनुगमन, मूल्याङ्कन तथा सामाजिक परीक्षण प्रणाली कार्यान्वयन गर्ने, |
| | ४. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने, |
| | ५. शिक्षा क्षेत्रमा सरोकारवालाको सहभागिता, समन्वय र साझेदारी अभिवृद्धि गर्ने। |
| ७. सुरक्षित, बालमैत्री, समावेशी तथा प्रविधिमैत्री शैक्षिक पूर्वाधार र सिकाइ वातावरणको विकास गर्नु | १. विद्यालयका भौतिक पूर्वाधारलाई सुरक्षित, समावेशी तथा बालमैत्री बनाउने, |
| | २. अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा विपद्-उत्थानशील पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्ने, |
| | ३. पुस्तकालय, प्रयोगशाला, ICT कक्ष तथा खेलकुद पूर्वाधारको विकास गर्ने, |
| | ४. विद्यालयमा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने, |
| | ५. हरित विद्यालय तथा वातावरणमैत्री सिकाइ वातावरण विकास गर्ने। |
| ८. रोजगारी, उद्यमशीलता र स्थानीय आर्थिक विकासमा योगदान पुऱ्याउने | १. शिक्षा र स्थानीय रोजगार तथा उद्यमशीलताबीच समन्वय स्थापित गर्ने, |

| | |
|---|---|
| दक्ष, प्रतिस्पर्धी र उत्पादनशील मानव स्रोत विकास गर्नु | २. विद्यालय तथा समुदायमा रोजगारमुखी र उत्पादनमुखी कार्यक्रम सञ्चालन गर्ने, |
| | ३. विद्यार्थीलाई व्यवसायिक मार्गदर्शन, करियर परामर्श तथा उद्यमशीलता शिक्षा उपलब्ध गराउने, |
| | ४. स्थानीय उत्पादन, कृषि, पर्यटन तथा प्रविधिसँग सम्बन्धित सीप विकास कार्यक्रम सञ्चालन गर्ने, |
| | ५. निजी क्षेत्र, सहकारी तथा अन्य साझेदार संस्थासँग सहकार्य गरी दक्ष जनशक्ति विकास गर्ने। |
| ९. विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु उत्थानशीलता सुनिश्चित गर्नु | १. कक्षाकोठा, शौचालय, खानेपानी, खेलकुद र पुस्तकालय निर्माण गर्ने, |
| | २. विद्यालय पूर्वाधार जलवायु जोखिम प्रतिरोधी ढाँचामा निर्माण गर्ने, |
| | ३. पूर्वाधारको नियमित मर्मत-सम्भार सुनिश्चित गर्ने, |
| | ४. स्थानीय समुदाय र संघ/संस्थासँग सहकार्य गर्ने, |
| | ५. भौतिक पूर्वाधारको गुणस्तर अनुगमन गर्ने, |

| | |
|---|---|
| | ६. बालबालिकाको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्दै पूर्वाधार सुधार गर्ने, |
| | ७. जलवायु अनुकूल हरित कार्यक्रम सञ्चालन गर्ने, |
| | ८. प्राकृतिक विपद् जोखिम न्यूनीकरणका लागि विद्यालय अनुगमन गर्ने, |
| | ९. शिक्षक र विद्यार्थीलाई वातावरणीय सुरक्षा तालिम प्रदान गर्ने, |
| | १०. विद्यालय स्तरमा जलवायु सचेतना र आपत्कालीन तयारी कार्यक्रम सञ्चालन गर्ने। |

## २.५. अपेक्षित उपलब्धिः

क) नगरपालिकाभित्रका सबै बालबालिकाका लागि समतामूलक, समावेशी तथा गुणस्तरीय शिक्षामा पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित भएको हुनेछ,

ख) विद्यार्थीको सिकाइ उपलब्धि, शैक्षिक गुणस्तर तथा कक्षा उत्तीर्ण दरमा उल्लेखनीय सुधार भई विद्यालय शिक्षाको समग्र प्रभावकारिता अभिवृद्धि भएको हुनेछ,

ग) सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षणसिकाइ, मूल्याङ्कन तथा शैक्षिक व्यवस्थापन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ,

घ) स्थानीय आवश्यकता, श्रम बजार तथा उद्यमशीलतासँग आबद्ध सीपमूलक, व्यावसायिक तथा जीवनोपयोगी शिक्षा प्रभावकारी रूपमा विस्तार भएको हुनेछ,

ङ) विद्यार्थीहरूमा नैतिकता, अनुशासन, सिर्जनशीलता, नेतृत्व क्षमता, नवप्रवर्तनशील सोच तथा सकारात्मक जीवनमूल्यको विकास भएको हुनेछ,

च) शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षा प्रशासनको संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायी, पारदर्शी र प्रभावकारी शैक्षिक सुशासन स्थापित भएको हुनेछ,

छ) सुरक्षित, बालमैत्री, समावेशी, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा प्रविधिमैत्री विद्यालय पूर्वाधार र सिकाइ वातावरणको विकास भएको हुनेछ,

ज) स्थानीय पाठ्यक्रम, स्थानीय ज्ञान, संस्कृति, भाषा, कला, कृषि, पर्यटन तथा जैविक विविधतालाई शिक्षण—सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा एकीकरण गरिएको हुनेछ,

झ) विद्यालय, अभिभावक, समुदाय, निजी क्षेत्र तथा अन्य सरोकारवालाबीच शिक्षा विकासका लागि प्रभावकारी साझेदारी र सहकार्यको विकास भएको हुनेछ,

ञ) शिक्षा प्रणालीबाट उत्पादन भएका जनशक्तिमा रोजगारी, स्वरोजगार, उद्यमशीलता तथा उत्पादनशीलताका लागि आवश्यक ज्ञान, सीप, दक्षता र प्रतिस्पर्धात्मक क्षमता विकास भएको हुनेछ,

ट) शिक्षामा समावेशिता, लैङ्गिक समानता, सामाजिक न्याय तथा सीमान्तकृत र विशेष आवश्यकता भएका बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित भएको हुनेछ,

ठ) समावेशी, गुणस्तरीय, प्रविधिमैत्री, सीपमूलक तथा जीवनोपयोगी शिक्षा प्रणालीमार्फत दक्ष, नैतिकवान्, अनुशासित, सिर्जनशील, प्रतिस्पर्धी र उत्पादनशील मानव स्रोत विकास भई समृद्ध धर्मदेवी निर्माणको आधार सुदृढ भएको हुनेछ।

ड) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु उत्थानशीलता सुनिश्चित भएको हुनेछ ।

## २.६. मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | स्तर | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ | कार्यसम्पादन सम्वन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | स्थानीय | ७०.८ | ७२.३ | ७५.२ | ७८.६ | |
| | | प्रदेश | १०३.२ | | | | |
| | | राष्ट्रिय | ८६.४ | ८९.५ | ९४.० | ९९.० | फ्ल्यास रिपोर्ट |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ९७.०१ | ९८.०२ | ९९.०० | १०० | |
| | | प्रदेश | ७६.७ | | | | |
| | | राष्ट्रिय | ६८.७ | ७३.०० | ८५.०० | ९५.०० | फ्ल्यास रिपोर्ट |
| | २. आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९३.६ | ९४.३ | ९६.४ | ९९.५ | |
| | | प्रदेश | ९३.८ | | | | |
| | | राष्ट्रिय | ९६.८ | ९७.५ | ९९.० | १०० | फ्ल्यास रिपोर्ट |
| २.२ | कक्षा १ मा नयाँ भर्ना | स्थानीय | १०८.२ | १०६.३ | १०४.८ | १००.० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भएका बालबालिकाको कूल प्रवेश दर (%) | प्रदेश | १३२.२ | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | फ्ल्यास रिपोर्ट |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९६.२ | ९५.९ | ९७.६ | ९९.७ | |
| | | प्रदेश | ९४.६ | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९. | ९९.५ | १०० | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. (रा.समीक्षा) |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १०८.६ | १०६.५ | १०३.८ | १००.० | |
| | | प्रदेश | १२६.५ | | | | |
| | | राष्ट्रिय | ११८. | ११५. | | | फ्ल्यास रिपोर्ट |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ९५.५० | ९६ | ९७ | ९९ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | फ्ल्यास रिपोर्ट |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | १०२ | १०१.८ | १०१.५ | १०० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११३.० | ११०.० | १०७.० | १०५.० | फ्ल्यास रिपोर्ट |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म | स्थानीय | ८४.८ | ८६.५ | ८९.५ | ९५.६ | |
| | | प्रदेश | ८७.७ | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | टिकाउ दर* (%) | | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ८४.८ | ८६.५ | ८९.५ | ९५.६ | |
| | | प्रदेश | ८२.९ | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | फ्ल्यास रिपोर्ट |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | १५ | १४ | १२ | १० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | फ्ल्यास रिपोर्ट |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क*(%) | स्थानीय | ०.९२ | | | | |
| | | प्रदेश | १.०१ | | | | |
| | | राष्ट्रिय | १.०२ | | | १.०१ | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.१ | ९६.५ | ९८.२ | ९९.६ | |
| | | प्रदेश | ९४.१ | | | | |
| | | राष्ट्रिय | ९३.८ | ९९.० | | १०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ११२.९ | ११०.५ | १०६.८ | १००.०० | |
| | | प्रदेश | १२३.० | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | फ्ल्यास रिपोर्ट |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८४.२ | ८६.५ | ८९.६ | ९४.५ | |
| | | प्रदेश | ८६.४ | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | | फ्ल्यास रिपोर्ट |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ८७ | ८८ | ८९ | ९५ | |
| | | प्रदेश | ८५.२ | | | | |
| | | राष्ट्रिय | | ७२.७ | | | दि.वि.ल. ४ (ने.रा.का.) |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.११ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | फ्ल्यास रिपोर्टवि.क्षे.वि.यो. |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | स्थानीय | ० | ० | ० | ० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | २.९ | १.० | दि.वि.ल. ४ (ने.रा.का.) |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत | स्थानीय | ३३.७ | ३६ | ४० | ५० | |
| | | प्रदेश | ४८.६ | | | | |
| | | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | फ्ल्यास रिपोर्ट |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | | | | | सोह्रौ योजना<br>दि.वि.ल. ४ (ने.रा.का.) |
| | ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ५३.७ | | | | |
| | | प्रदेश | ५६.५ | | | | |
| | | राष्ट्रिय | ४७.६ | | | ६५. | फ्ल्यास रिपोर्ट<br>सोह्रौ योजना |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | ६५.२ | | | | |
| | | प्रदेश | ८०.६ | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. (रा.समीक्षा) |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १.०२ | | १.० | १.० | सोह्रौ योजना<br>वि.क्षे.वि.यो.<br>दि.वि.ल. (रा.समीक्षा) |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | ८७ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | फ्ल्यास रिपोर्ट |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ६८.७ | | | | | |
| | | प्रदेश | ६७.४ | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | फ्ल्यास रिपोर्ट | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | ४७.३ | | | | | |
| | | राष्ट्रिय | २४.० | | | | फ्ल्यास रिपोर्ट | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | ११.१ | १५ | १८ | ३३ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २०.६ | | २२. | २७. | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. ४ (ने.रा.का.) | |
| | **४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ७९.०९ | ८२ | ८५ | ९० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ५८.० | | | ९५.० | सोह्रौ योजना | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८२.० | | ८९.० | ९५.० | दि.वि.ल. ४ (ने.रा.का.) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९२.० | | | ९९.० | पन्ध्रौं योजना | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.९२ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | | दि.वि.ल. (रा.समीक्षा) | |
| ५. | सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १०:०१:०० | १२:०१:०० | १४:०१:०० | २०:०१:०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४:०१:०० | | | ३०:०१:०० | फ्ल्यास रिपोर्ट सोह्रौ योजना | |
| ५.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | २१:०१:०० | २२:०१:०० | २५:०१:०० | ३०:०१:०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०:०१:०० | | | ३०:०१:०० | फ्ल्यास रिपोर्ट सोह्रौ योजना | |
| ५.३ | आधारभूत तह (कक्षा१-८) | स्थानीय | १३:०१:०० | १५:०१:०० | २०:०१:०० | २५:०१:०० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३३:०१:०० | | ३१:०१:०० | ३०:०१:०० | सोह्रौ योजना |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १५:०१:०० | १७:०१:०० | २०:०१:०० | २५:०१:०० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४०:०१:०० | | | ३०:०१:०० | फ्ल्यास रिपोर्ट सोह्रौ योजना |
| ५.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | १५:०१:०० | १७:०१:०० | २०:०१:०० | २२:०१:०० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४१:०१:०० | | ३५:०१:०० | ३०:०१:०० | सोह्रौ योजना |

# परिच्छेद-३

## ३. विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

### ३.१. प्रारम्भिक बालविकास र शिक्षा

#### ३.१.१. परिचयः

नेपालको संविधानको धारा ३९ को उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन, २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ । सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन् ।शिक्षा योजनामा राखिए दूरदृष्टि तथा उद्देश्यहरूका आधारमा प्रमूख क्रियाकलापहरू निर्धारण र लक्ष्य आँकलन गरी पहिलो पाँच वर्ष वि स २०८३-२०८७ लागि लागत अनुमानसहित योजनाको खाका तयार गरिएको छ । योजनाको समग्र दूरदृष्टि ध्येय, उद्देश्य र लक्ष्यहरू प्राप्तिका लागि विद्यालय शिक्षाका उपक्षेत्रहरू मध्ये बालविकास र शिक्षा उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा गरी गुणस्तर सान्दर्भिकता र सुशासनका पक्षहरूमा रहेका चुनौतीहरू पहिचान र समधान गर्न यो योजना तयार गरिएको छ । पालिकाबाट सञ्चालित बालविकास केन्द्रको विवरण अनुसूची-१ मा दिइएको छ ।

### ३.१.२. वर्तमान अवस्थाः

धर्मदेवी नगरपालिकामा प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई विद्यालय पूर्वको शिक्षा उपलब्ध गराउन सामुदायिक विद्यालयमा ३२ वटा बालविकास केन्द्रहरू सञ्चालनमा छन् । छरिएको बस्ती तथा न्यून विद्यार्थी भएको कारण सबै विद्यालयहरूमा सञ्चालन गर्न चुनौती रहेको छ । अभिभावकको व्यस्तता र शिक्षा प्रतिको चेतनाको कारण बालविकास केन्द्रको अनुभवसहित कक्षा १ मा भर्ना हुने विद्यर्थी सङ्ख्या बढेको छ । उमेरअनुसारको विद्यार्थी भर्ना गर्ने र बालविकास केन्द्रको न्यूनतम् मापदण्डहरू पूरा भएको सुरक्षित बालमैत्री र सिकाइ कुनाहरू व्यवस्थित भएको प्रारम्भिक बालविकास केन्द्र बनाउनु मुख्य चुनौती रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार धर्मदेवी नगरपालिकामा जन्म देखि चार वर्ष उमेर समूहका जम्मा बालवालिका सङ्ख्या १,१८९ (स्रोत : राष्ट्रिय जनगणना २०७८) रहेको छ । सामुदायिक तथा संस्थागत विद्यालयतर्फ बालविकास कक्षा अध्ययन गर्ने २०९ जना बालक र १८२ बालिका गरी जम्मा ३७७ रहेका छन्; जस मध्ये दलित बालक २८, बालिका १४, जनजाति बालक १०४, बालिका ८३ छन् भने अपाङ्ग बालक २ बालिका शून्य छन् । यो तथ्याङ्कले नगरपालिकाको प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर ७०.८ र ४ वर्षका बालवालिकाको बालबालिकाको अनुपात १:०.८७ रहेको छ । कक्षा १ मा नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास र शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत १०० रहेको देखिन्छ । न्युनतम् योग्यता एसएलसी उत्तीर्ण योग्यता पुगेका प्रारम्भिक बालविकास शिक्षामा ३२ जना सहजकर्ताले बालबालिकाहरूलाई शिक्षा प्रदान गर्दै आधारभूत तहको आधार विकास गरिँदै आएको छ । शिक्षक क्षमता प्रारूप अनुसार TPD तालिम प्राप्त सहजकर्ता शून्य प्रतिशत रहेको छ ।

नेपाल सरकारको अनुदान पाउने गरी विगतमा छनौट भई निरन्तर सञ्चालन भइरहेका बालविकास केन्द्रका सहजकर्ताहरूले स्थानीय र सङ्घीय सरकारको साझेदारीमा न्यूनतम् पारिश्रमिक पाइरहेको भएता पनि दरबन्दी रुपान्तरण गरी तलव स्केलअनुसारको तलब दिन सकेको छैन । विद्यार्थी सङ्ख्याअनुसार केन्द्रको पुनर्वितरण गर्न, भवन निर्माण तथा मर्मत सामग्री व्यवस्थापन गर्न, केन्द्रमा न्यूनतम् मापदण्ड पूरा गर्न, तोकिएको उमेरमा बालविकास कक्षामा भर्ना गराउन अभिभावक शिक्षा सञ्चालन गर्न, सहजकर्ताहरूको पारीश्रमिक समय सापेक्ष व्यवस्थापन गर्न, बालविकास शिक्षकको वृत्तिविकास र क्षमता विकास तालिम सञ्चालन गर्न थप बजेट र कार्यक्रम आवश्यक रहेको छ ।

### ३.१.३. उद्देश्य

क) चार बर्ष उमेरका सबै बालबालिकाहरूको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास शिक्षामा पहुँच बढाउनु,

ख) प्रारम्भिक बालविकास तथा शिक्षामा गुणस्तर सुनिश्चित गर्नु ।

### ३.१.४. रणनीति

क) सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

ख) आवश्यकता आधारमा प्रारम्भिक बालविकासको शिक्षा कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

ग) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमुना केन्द्रहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,

घ) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,

ङ) लागत सहभागिता अभिवृद्धि गर्ने,

च) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

छ) ऐन र कार्यविधिमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,

ज) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,

झ) यस नगरपालिकाको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,

ञ) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाई समयानुकूल स्थानीयकरणका लागि समायोजन तथा परिमार्जन गर्ने,

ट) भौगोलिक विकटता, अपाङ्गता भएका र विपन्न वर्गका लागि तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने।

### ३.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ३.१.५.१. उपलब्धि

क) सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने,

ख) प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका उल्लेखनीय वृद्धि हुने।

#### ३.१.५.२. प्रमुख नतिजा

क) प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने,

ख) प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसर हुने,

ग) सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुने,

घ) बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने,

ङ) भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने,

च) प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने ।

### ३.१.५.३. प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | प्रारम्भिक | पटक | १ | - | - | - | १ | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालविकास तथा शिक्षा केन्द्रहरू को नक्साङ्कन तथा पुनर्वितरण | | | | | | | | |
| ३ | परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था तथा निजी क्षेत्रसँग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सहकार्य गर्ने | | | | | | | | |
| ४ | अनाथ, असहाय तथा अपाङ्गता भएका बालबालिकाको पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | बाल विकास केन्द्रमा सुरक्षित तथा | वटा | २ | २ | २ | २ | २ | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | | | | | | | | |
| ६ | बालबालिकाको अभिलेखीकरण गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | सुपरिवेक्षणका लागि अधिकार सम्पन्न संयन्त्रको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विकास गर्ने | | | | | | | | |
| ८ | अनाथ, असहाय तथा अपाङ्गता भएका बालबालिकाका लागि आवासीय योजना सञ्चालन गर्ने | वटा | - | - | १ | - | - | १ | |
| ९ | पोषणयुक्त दिवा खाजाको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्था गर्ने | | | | | | | | |
| १० | पाठ्यक्रम प्रबोधीकरण गर्ने | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| ११ | पूर्वाधार, सिकाइ क्षेत्र तथा खेल सामग्री व्यवस्था पन गरी न्यूनतम मापदण्ड सुधार गर्ने | वटा | - | ३२ | - | - | - | ३२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | शिक्षक को योग्यता, क्षमता तथा पेसागत विकास गर्ने | पटक | - | १ | - | - | १ | २ | |
| १३ | स्वास्थ्य जाँच, खोप, अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन तथा कुपोषित बालबालिकाको | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन गर्ने | | | | | | | | |
| १४ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार प्रयोग गर्ने | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | |
| १५ | अभिभावक शिक्षा सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १६ | अभिभावक तथा समुदाय | पटक | - | - | - | - | - | - | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मार्फत स्थानीय ज्ञान, सीप तथा संस्कृति को हस्तान्त रण गर्ने | | | | | | | | |
| १७ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा र | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मनोसामाजिक परामर्श उपलब्ध गराउने | | | | | | | | |
| १८ | परिवार, समुदाय, निजी क्षेत्र तथा गैरसरकारी संस्थाको सहभागिता र जिम्मेवारी वृद्धि गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली सुदृढ गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २० | सहयोगीको व्यवस्था गर्ने | जना | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | - | | |
| २१ | प्रारम्भिक बालविकास सहजकर्ताको सेवा तथा | पटक | १ | १ | १ | १ | १ | - | सङ्घको निर्णयअनुसार | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सुविधामा वृद्धि गर्ने | | | | | | | | |
| २२ | नमुना प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कार प्रदान गर्ने | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| २३ | प्रारम्भिक बालविकास सहजकर्ताको थप | जना | २ | १ | १ | १ | १ | ६ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कोटाको व्यवस्थापन गर्ने | | | | | | | | |
| २४ | भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ३.२. आधारभूत शिक्षा

### ३.२.१. परिचय

शिक्षा मानव जीवन, जगत् र विकासको लागि अपरिहार्य हुन्छ । राज्य सञ्चालनमा विश्वका प्राय सवै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ । शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो । शिक्षालाई शासन, विकास र सेवा प्रवाहको पुर्वाधारको रुपमा लिन सकिन्छ । नागरिकको सर्वाङ्गिण विकासको आधारनै शिक्षा हो । शिक्षा कुनैपनि देशको राष्ट्रिय पुँजी हो । जसले भविष्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ । शिक्षाले सक्षम, सवल, सभ्य, समावेशि, समन्यायिक जनशक्ति उत्पादनमा सघाउछ । शिक्षामा गरेको लगानी राष्ट्रिय पुँजी निर्माण हो । त्यस्तो पुँजी परिचालनले "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोचलाई व्यवहारिक जीवनमा सावित गर्न सक्छ । शिक्षाका उल्लेखित मार्गदर्शन पुरा गर्ने आधार आधारभुत शिक्षाको कुशल सफल मितव्ययी समावेशी र समन्यायिक व्यवस्थापन हो । शिक्षाको आधार नै आधारभूत शिक्षा हो ।आधारभूत शिक्षाको समुचित व्यवस्थापनको लागि राज्य संयत्रवाट तयार गरिएका संवैधानिक व्यवस्था मार्गदर्शन नीतिगत तथा कानुनी व्यवस्था शिक्षा सम्वन्धी योजना कार्यक्रम आयोजनाहरूको तर्जुमा तथा कार्यान्वयन गर्ने गरिएको छ । नीतिगत व्यवस्था नागरिकको शिक्षालाई सुनिश्चित गर्न नेपालको संविधन, २०७२ को धारा ३१ मा आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न तपसिल बमोजिमका नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को अनुसूची ८ खण्ड ८ मा आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा सम्बन्धी व्यवस्था स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ । संविधानको अनुसूची ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षा सम्वन्धी अधिकारको व्यवस्था गरिएको छ । शिक्षा ऐन, २०२८ संशोधन सहित शिक्षा नियमावली संशोधन सहित, २०५९ शिक्षक सेवा आयोगको नियमावली संशोधन

सहित, २०५७ को व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ मा शिक्षासम्वन्धी अधिकारको व्यवस्था गरिएको छ । दीगो विकासको चौंथो लक्ष्यको रुपमा गुणस्तरीय शिक्षा रहेको छ । सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुन सकून् भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभूत शिक्षाको सुनिश्चितता गर्ने । दीगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ सम्ममा नेपाललाई मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य रहेको, वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ । चालू १६औं पञ्चवर्षीय योजनाले निर्धारण गरेको गुणस्तरीय प्रवर्द्धनात्मक शिक्षा तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने रणनीति निर्धारण गरिएको छ ।

३.२.२. **वर्तमान अवस्थाः-**

यस नगरपालिकामा सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयहरू सञ्चालनमा छन् । भौगोलिक क्षेत्रको विकटता र स्रोतसाधन तथा विद्यार्थी सङ्ख्या र शिक्षक दरबन्दी कमीले गर्दा नगरको विभिन्न भूगोलमा कक्षा १-३ सञ्चालनमा रहेका विद्यालय सङ्ख्या १६ छन् । कक्षा १-५ सञ्चालनमा रहेका विद्यालय सङ्ख्या ७ छन् । कक्षा १-८ सञ्चालनमा रहेका विद्यालय सङ्ख्या ८ छन्; जसमध्ये कक्षा १-८ मा छात्रा सङ्ख्या ९९९, छात्र सङ्ख्या १०५८ गरी जम्मा २०५७ रहेका छन् । साथै जनजाति छात्रा ५१०, छात्र ५१६, दलित छात्रा १२६ छात्र १२८, अपाङ्ग छात्रा ६ र छात्र ९ रहेका छन् । शिक्षक सङ्ख्या पुरुष ११४ महिला ५८ जम्मा १७२ छन् भने शिक्षक विद्यार्थी अनुपात १:१३ रहेको छ । यस पालिकामा सामुदायिक तर्फ ३८ वटा र संस्थागत तर्फ २ वटा विद्यालयहरू गरी जम्मा ४० वटा विद्यालयमा आधारभूत शिक्षा सञ्चालनमा रहेका छन् ।

निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु, सिकाइको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु, विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्गमैत्री र बालमौत्री बनाउनु, विद्यालय व्यवस्थापन गरी परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजीक्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउनु, सूचना तथा सञ्चार प्रविधिमा दक्षता वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु आधारभूत शिक्षामा देखिएका विद्यमान चुनौतीहरू हुन् ।

### ३.२.३. उद्देश्य

क) आधारभूत शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

ख) आधारभुत तहको शिक्षामा गुणस्तर सुनिश्चत गर्नु,

ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

### ३.२.४. रणनीति

क) विद्यालय नक्साङ्कन गर्ने,

ख) विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गर्ने,

ग) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि कानून तर्जुमा गर्ने,

घ) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,

ङ) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने,

च) न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,

छ) शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने,

ज) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,

झ) विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,

ञ) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने,

ट) शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने,

ठ) कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने,

ड) आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,

ढ) मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने,

ण) विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने,

त) कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने,

थ) शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने,

द) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,

ध) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने,

न) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने

प) विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

फ) भाषिक विविधता अनकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,

ब) विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,

भ) विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,

म) दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,

य) अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने,

र) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने,

ल) नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,

व) विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने,

श) शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने,

ष) विपन्न तथा लक्षित वर्गको पहुँच सुनिश्चितता गर्न छात्रवृत्तिको व्यवस्थापन गर्ने ।

### ३.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ३.२.५.१. उपलब्धि

क) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

#### ३.२.५.२. प्रमुख नतिजा

क) सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने,

ख) सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा गरेको हुने,

ग) न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने,

घ) आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने,

ङ) बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने,

च) विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने,

छ) विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने,

ज) बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,

झ) आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने,

ञ) विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने,

ट) सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने,

ठ) जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

### ३.२.५.३. प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | जना | १७२ | १७२ | १७२ | १७२ | १७२ | १७२ | आधारभूत तह |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | जना | २०८७ | २१८७ | २२८७ | २३८७ | २४८७ | ११४३५ | |
| ४ | प्रारम्भिक कक्षाका बालबालिकाका लागि पठन | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ३५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सामग्री व्यवस्था | | | | | | | | |
| ५ | प्रारम्भिक कक्षा शिक्षणसम्बन्धी शिक्षक तालिम | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | |
| ६ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | दुई कोठे भवन | २ | २ | २ | २ | २ | १० | |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | शिक्षक क्षमता विकास | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | |
| ९ | विद्यालय उत्थानशील योजना निर्माण | विद्यालय | ३५ | | | | ३५ | ७० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तथा कार्यान्वयन | | | | | | | | |
| १० | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | ३५ | | | | ३५ | ७० | |
| ११ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा व्यवस्थापन | जना | २,४७,६८० | २,४७,६८० | २,४७,६८० | २,४७,६८० | २,४७,६८० | १२,३८,४०० | वार्षिक |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | जना | १५ | १५ | १५ | १५ | १५ | **७५** | |
| १४ | पाठ्यपुस्तक व्यवस्था | जना | २०८७ | २१८७ | २२८७ | २३८७ | २४८७ | **११४३५** | |
| १५ | सन्दर्भ सामग्रीको व्यवस्था | विद्यालय | ३५ | - | - | - | ३५ | ७० | |
| १६ | विपन्न विद्यार्थीका लागि पोशाक, स्टेशनरी तथा छात्रवृत्ति | जना | १०० | १०० | १०० | १०० | १०० | **५००** | |
| १७ | विद्यालय व्यवस्थापन तथा व्यवस्थित परीक्षा प्रणाली | पटक | ३ | ३ | ३ | ३ | ३ | **१५** | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | कक्षाकोठामा आधारित मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९ | शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना | पटक | १ | १ | १ | १ | १ | **५** | |
| २० | विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) तथा शिक्षक-अभिभावक सङ्घका पदाधिकारीहरू को क्षमता विकास | जना | आवश्यक ता अनुसार | आवश्यक ता अनुसार | आवश्यक ता अनुसार | आवश्यक ता अनुसार | आवश्यक ता अनुसार | **आवश्यकता अनुसार** | |
| २१ | अभिभावक अभिमुखीकरण तथा सहभागिता | विद्याल य | आवश्यक ता अनुसार | आवश्यक ता अनुसार | आवश्यक ता अनुसार | आवश्यक ता अनुसार | आवश्यक ता अनुसार | **आवश्यकता अनुसार** | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२ | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | **५** | |
| २३ | उत्कृष्ट शिक्षकलाई पुरस्कार प्रदान गर्ने | जना | ३ | ३ | ३ | ३ | ३ | **१५** | |
| २४ | उत्कृष्ट विद्यार्थीलाई पुरस्कार प्रदान गर्ने | जना | ३ | ३ | ३ | ३ | ३ | **१५** | |

## ३.३. माध्यमिक शिक्षा

### ३.३.१. परिचय

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनसँगै कक्षा ९-१२ मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवात गरिएको छ । यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिपसहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.सं. २०७७ बाट प्रारम्भ भएको छ । नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले पनि प्रत्येक नागरिकालाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचारजस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम्  उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

### ३.३.२. वर्तमान अवस्था

यस पालिकामा ९-१० सञ्चालनमा रहेका विद्यालय सङ्ख्या ४ छन् छात्र सङ्ख्या २१६ छात्रा सङ्ख्या २३१ छन् । कक्षा ११-१२ सञ्चालनमा

रहेका विद्यालय सङ्ख्या ४ छन् छात्र सङ्ख्या ११२ छात्रा सङ्ख्या ९७ रहेका छन् । यस पालिकामा कक्षा ९-१२ सञ्चालनमा रहेका विद्यालय सङ्ख्या ८ छन् छात्र सङ्ख्या ३२२ छात्रा सङ्ख्या ३२६ छन् गरि जम्मा ६४८ छन जस मध्ये जनजाति छात्र सङ्ख्या १६९ छात्रा सङ्ख्या १६५ छन् दलित छात्र सङ्ख्या २४ छात्रा सङ्ख्या २७ छन् भने अपाङ्ग छात्र सङ्ख्या ३ छात्रा सङ्ख्या ४ छन् । कक्षा ९-१२ मा शिक्षक विद्यार्थी सङ्ख्या अनुपात १:१५ रहेको छ ।

### ३.३.३. उद्देश्य

क) माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

ख) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,

ग) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु ।

### ३.३.४. रणनीति

क) विद्यालयहरूको नक्साङ्कन गर्ने,

ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,

ग) निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,

घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,

ङ) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,

च) वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,

छ) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,

ज) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,

झ) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,

ञ) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,

ट) शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,

ठ) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,

ड) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,

ढ) विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने,

ण) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने,

त) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने।

### ३.३.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ३.३.५.१. उपलब्धि

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

#### ३.३.५.२. प्रमुख नतिजा

क) सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने,

ख) सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने,

ग) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,

घ) पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने,

ङ) माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,

च) माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने,

छ) माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने,

ज) सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने,

झ) माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने,

ञ) माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने।

### ३.३.५.३. प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका तयार गर्ने | पटक | १ | - | - | - | - | १ | सङ्घ, प्रदेश र यस नगरपालिका |
| २ | विद्यालय सेवा क्षेत्र निर्धारण, नक्साङ्कन, पुनर्वितरण, समायोजन तथा सेवा क्षेत्रभित्रका बालबालिकाको | पटक | १ | - | - | - | - | १ | यस नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भर्ना सुनिश्चित गर्ने | | | | | | | | |
| ३ | माध्यमिक शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला तथा गणित (STEAM) जस्ता शिक्षाको प्रवर्द्धन तथा विज्ञान, गणित र कम्प्युटर विज्ञान अध्ययनका अवसर विस्तार गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | **निरन्तर** | सङ्घ र यस नगरपालिका |
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न | माध्यमिक विद्यालय | १ | - | १ | - | १ | ३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आवश्यकताअनुसार विद्यालय बस तथा खुला एवं दूरशिक्षा लगायतका वैकल्पिक व्यवस्था गर्ने | | | | | | | | |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार (भवन, कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेराबार, शौचालय) विकास गर्ने | माध्यमिक विद्यालय | १ | २ | २ | १ | १ | ७ | सङ्घ र यस नगरपालिका |
| ६ | प्रविधि, व्यवहारिक सीप तथा विद्यार्थी | जना | २५ | २० | - | - | - | ४५ | सङ्घ, प्रदेश र यस |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मूल्याङ्कनसम्बन्धी शिक्षक क्षमता विकास गर्ने | | | | | | | | नगरपालिका |
| ७ | विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) तथा पिटीए पदाधिकारीहरूको क्षमता विकास तथा अभिमुखीकरण | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | प्रदेश तथा यस नगरपालिका |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीप्रति उत्थानशील बनाउन | यस नगरपालिका | १ | १ | १ | १ | १ | ५ | यस नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन गर्ने | | | | | | | | |
| ९ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गर्ने | विद्यालय | २ | १ | २ | २ | १ | ८ | सङ्घ र यस नगरपालिका |
| १० | विभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराउने | विद्यार्थी सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ तथा यस नगरपालिका |
| ११ | निःशुल्क शिक्षाको | कक्षा | ९ र १२ | ९ र १२ | ९ र १२ | ९ र १२ | ९ र १२ | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सुनिश्चितताका लागि कक्षा ९ र १२ का विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउने | | | | | | | | |
| १२ | आर्थिक रूपमा विपन्न विद्यार्थीलाई पोशाक तथा स्टेशनरी सहयोग उपलब्ध गराउने | विद्यार्थी सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| १३ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन एवं सञ्चालन अनुदान उपलब्ध गराउने | माध्यमिक विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | |
| १४ | कक्षाकोठामा आधारित | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मूल्याङ्कनलाई शिक्षण-सिकाइ प्रक्रियामा एकीकृत गरी प्रभावकारी कार्यान्वयन गर्ने | | | | | | | | |
| १५ | उत्कृष्ट शिक्षक पुरस्कारको व्यवस्था गर्ने | जना | २ | २ | २ | २ | २ | १० | |
| १६ | उत्कृष्ट विद्यार्थी पुरस्कारको व्यवस्था गर्ने | जना | ४ | ४ | ४ | ४ | ४ | २० | |

## ३.४. अनौपचारिक तथा आजीवन सिकाइ

### ३.४.१. परिचय

औपचारिक पद्धतिभन्दा बाहिर फरक समयमा विभिन्न उमेर समूहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । यो एउटा निरन्तर प्रक्रिया पनि हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रशोधन गर्न जीवनप्रयन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो; जहाँ सहभागीहरू आफ्नो जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन । आफ्नो जीवनको इतिहास आफै लेख्छन । तसर्थ, सिकाइ जीवन पद्धतिसँग जोडिएको हुनेछ । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरका लागि स्तरवृद्धि शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त र दीगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँग अनौपचारिक शिक्षा प्रणाली समेतले योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाको आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकास गर्नुपर्दछ । शिक्षा क्षेत्र योजना २०७९-८३ ले अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि १० वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज एव सिकाइ संस्कृतिको प्रवर्द्धन गर्नेतर्फ लैजान्छ । यस नगरपालिकाको अनौपचारिक

शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषण धारमा समस्या एव चुनौतीहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसका उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ ।

### ३.४.२. वर्तमान अवस्था

सङ्खुवासभा जिल्लामा विभिन्न नगरपालिका र गाउँपालिकाहरूमा अनौपचारिक शिक्षा कार्यक्रमहरू प्रशस्त मात्रामा सञ्चालन हुँदै आएका छन् । यस कार्यक्रमले निरक्षरहरू विशेषतः १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरूलाई साक्षर बनाउने कार्यमा योगदान गरेको देखिन्छ । यस कार्यक्रमले स्थानीय निकायहरूमा साक्षरता कक्षा सञ्चालन गरी साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रम सञ्चालन गरिएको छ । विगतमा पनि साक्षरता र साक्षरोत्तर कार्यक्रमबाट लाभान्वितहरू विशेषतः महिलाहरूलाई समूह बनाई आयआर्जन कार्यक्रमसँग समेत जोडी महिलाको समूह बनाई बचत तथा ऋणको कार्यक्रमहरू सञ्चालन गरिएका छन् । गाउँगाउँमा महिलाहरूको समूह बनाई आयआर्जन कार्यक्रममा समेत जोड्ने उद्देश्यले बीउ पूँजी वितरण गरी समूहको महिला सदस्यहरूले आफ्नो गछ्य अनुसारको रकम बचत गर्दै जाने र बचत तथा ऋणको व्यवस्था गरी आफूलाई गारोसारो परेको बेलामा सरसापट गरेर अथवा न्यूनतम् ब्याजमा त्यो रकमलाई वितरण गर्न र सोबाट प्राप्त हुने ब्याज मूलधनमा जोडी समूहले आर्जन गर्न र सोको मुनाफा बाँडफाँड गर्ने कार्यक्रम केही वर्षसम्म रहँदै आयो । सामुदायिक सिकाइ केन्द्रहरूले अनौपचारिक शिक्षातर्फका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था पनि गरियो तर यो कार्यक्रम जति प्रभावकारी हुनुपर्थ्यो त्यति प्रभावकारी हुन सकेन । तर पनि धर्मदेवी नगरपालिकामा १५ देखि ६० वर्षसम्मका विद्यालयको पहुँचबाहिर रहेको व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट नगरपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसङ्ख्यामा कूल साक्षरता ८३ प्रतिशतभन्दा माथि पुगेको छ । नगरपालिकामा दुईवटा सिकाइ केन्द्रहरू सञ्चालनमा छन् ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ । यो कार्यक्रम तीन तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपयन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दैछ भने यस नगरपालिकाहरूमा शिक्षा युवा तथा खेलकुद शाखाहरूले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश सङ्घीय संरचनामा रुपान्तरण भए पश्चात् अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापनको जिम्मेवारी यस नगरपालिकामा हस्तान्तरण भएका तर यसका मर्मअनुसार कार्यसम्पादन हुन सकेको देखिँदैन । आवधिक रूपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले नगरपालिकाको साक्षरता सम्बन्धी तथ्याङ्क अद्यावधिक हुन सकिरहेको अवस्था छैन ।

### ३.४.३. उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ

१. अनौपचारिक तथा निरन्तर एवं जीवन प्रयन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु,

२. सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्नु,

३. आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै विशेषतः समाजमा पछाडि परेका वर्गलाई मूलधारमा ल्याउनु ।

### ३.४.४. रणनीति

१. नगरपालिका भित्र पर्ने घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गरिनेछ ।

२. सामुदायिक सिकाइ केन्द्रलाई सदृढीकरण गरी अनौपचारिक शिक्षाको कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

३. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न विभिन्न सङ्घीय सरकार, प्रदेश सरकार र अन्य संघसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

४. नवसाक्षर प्रौढ महिला तथा पुरुषहरूलाई आय आर्जनका कार्यक्रमसँग जोडी आत्मनिर्भर र व्यावसायिक बनाउन सहयोग गरिनेछ ।

५. सामुदायिक सिकाइ केन्द्रहरूमार्फत् मत र अभिमत सांस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धनमा जोड दिइनेछ ।

६. सामुदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गरिनेछ ।

७. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिनेछ ।

८. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरिनेछ ।

९. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिनेछ ।

१०. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिनेछ।

११. सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

### ३.४.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ३.४.५.१. उपलब्धि

सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपयन्त सिकाइको अवसर प्राप्त हुनेछ ।

#### ३.४.५.२. प्रमुख नतिजा

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने,

२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने,

३. सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने,

४. सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने,

५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवं प्रमाणीकरण गरी समकक्षता प्रदान हुने,

६. अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक हुने ।

### ३.४.५.३. प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | |
| घरधुरी सर्वेक्षण र अनौपचारिक शिक्षा सम्बन्धि तथ्याङ्क सङ्कलन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता अभिबृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | |
| सामुदायिक सिकाइ केन्द्रहरूको व्यवस्थापन अनुदान | वटा | २ | २ | २ | २ | २ | १० | |
| आजिवन सिकाइका कार्यक्रम सामुदायिक सिकाइ केन्द्रमार्फत् सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| सीप विकास र आयआर्जनमा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| सामुदायिक सिकाइ केन्द्र थप | वटा | ० | ० | ० | ० | ० | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| तह १ र २ को अनौपचारिक सिकाइको माध्यमबाट सिकेको ज्ञानसीपलाई प्रमाणीकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| अनौपचारिक तथा आजीवन सिकाइको तथ्याङ्क व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

# परिच्छेद-४

## ४. अन्तर सम्बन्धित विषय क्षेत्रहरू

### ४.१. पाठ्यक्रम र मूल्याङ्कन

#### ४.१.१. परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुदैन । देशकाल र परिस्थिति अनुसार विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो भन्नेसँग पनि सम्बन्धित छ । के पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मुल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार समेत हो । मानवीय चेतना र वौद्धिक विकासको निमित्त लिइएका उद्देश्यहरू पूरा गराउनु हो । बालबालिकाको सर्वाङ्गीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नुजस्ता कुराहरू पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन् । समाज विकास गर्न पाठ्यक्रम सहयोगी हुनुपर्दछ । सामाजिक मूल्यमान्यता, समसामयिक विकास, सूचना प्रविधि विकास, बाल मनोवैज्ञानिक, सिद्धान्त सिकाइ क्रियाकलाप र मूल्याङ्कनका विषयहरू पाठ्यक्रमका अन्तरसम्बन्धित विषयहरू हुन् । पाठ्यक्रम विकास र कार्यन्वयन एउटा निरन्तर प्रक्रिया हो । मानवीय आवश्यकता, बालबालिकाका रुचि, सामाजिक मूल्यमान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञानसीप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रूपमा लिनु आवश्यक छ । पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रूपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रूपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ; जसले पाठ्यक्रम कार्यान्वयनलाई सहयोग

गर्दछ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ ।

### ४.१.२. वर्तमान अवस्था

धर्मदेवी नगरपालिकामा सबै विद्यालयहरूमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू हुँदै आएको छ । पाठ्यक्रम विकास केन्द्रले तयार पारेको विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार २०७७ देखि क्रमशः सबै कक्षामा नयाँ पाठ्यक्रम कार्यान्वयन भई २०८० सम्ममा कक्षा १ देखि १२ सम्म लागू भइसकेको छ । हाल कक्षा १-३ मा एकीकृत पाठ्यक्रम, कक्षा ४-१० मा सक्षमतामा आधारित पाठ्यक्रम र कक्षा ११-१२ मा एकलपथीय पाठ्यक्रम लागू भएको छ । सिकाइ सुनिश्चित गर्न कक्षा १-३ मा थिमगत मूल्याङ्कनमार्फत् उपचारात्मक वा थप सिकाइ सहायतासहित मूल्याङ्कनको व्यवस्था कार्यान्वयनका साथै उदार कक्षोन्नतिको व्यवस्था गरिएको छ । कक्षा ४-८ मा ५०% आन्तरिक र ५०% बाह्य मूल्याङ्कन र कक्षा ९-१२ मा २५% आन्तरिक र ७५% बाह्य मूल्याङ्कन प्रणाली अपनाइएको छ । विद्यालय तहको पाठ्यक्रममा रहेका नयाँ व्यवस्था सिकाइ सहजीकरण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया र सूचना प्रविधिको उपयोग विषयमा नगरपालिका स्तरीय कस्टमाइज तालिम वार्षिक रूपमा सञ्चालन गर्दै आएको छ । शिक्षकहरू लामो समयसम्म नगरपालिकामा टिकाउन नसक्दा तालिम लिएका शिक्षकको सङ्ख्या सँधै कम देखिने गर्दछ । पाठ्यक्रम, शिक्षक निर्देशिका र मूल्याङ्कन सम्बन्धी मापदण्डहरू र विद्यालयमा भएको सूचना प्रविधिको प्रयोग गर्नमा कतिपय शिक्षकहरू अभ्यस्त नहुँदा पाठ्यक्रम कार्यन्वयनको सक्षमता बढाउन कठिनाइ भएको छ । यस नगरपालिकाले आफ्नो स्थानीय पाठ्यक्रम निर्माण गर्न नसक्दा विभिन्न विषयहरू कम्प्युटर तथा अन्य विषयहरू पठनपाठन हुँदै आएको छ भने ५ वटा विद्यालयहरूमा याखखा तथा मगर भाषाका शिक्षकहरूको व्यवस्थापन गरी याखखा तथा मगर भाषा शिक्षण गरिँदै आएको छ । विद्यालयहरूको सिकाइको आवधिक मूल्याङ्कनको रूपमा आन्तरिक परीक्षा र बाह्य परीक्षाको व्यवस्था गरेको छ ।

### ४.१.३. उद्देश्य

क) विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,

ख) स्थानीय परिवेशबमोजिम तोकिएको तहमा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु,

ग) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु,

घ) विद्यालय तहको परीक्षा प्रक्रिया तथा अभिलेखीकरणलाई थप प्रभावकारी व्यवस्थापन गर्नु,

ङ) पाठ्यक्रम तथा शैक्षिक सामाग्रीहरूको शिक्षक तथा विद्यार्थीको पहुँचमा वृद्धि गर्नु ।

### ४.१.४. रणनीति

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदअनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,

ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गर्ने,

ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,

घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

ङ) शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,

च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,

छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,

ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,

झ) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने,

ञ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,

ट) स्थानीय परिवेशबमोजिम तोकिएको तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवम् कार्यान्वयन गर्ने,

ठ) स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गर्ने ।

### ४.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ४.१.५.१. उपलब्धि

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएका, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारोन्मुख नागरिक तयार हुनेछ ।

#### ४.१.५.२. प्रमुख नतिजा

क) पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने,

ख) पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने,

ग) सिकाइ दैनिक जीवनसँग सम्बन्धित हुने,

घ) पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेशअनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुने,

ङ) सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन भएको हुने,

च) स्थानीय परिवेशबमोजिम तोकिएको तहमा स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने।

### ४.१.५.३. पाठ्यक्रम र पाठ्यसामग्रीका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८६/ ८७ | २०८७/ ८८ | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम अभिमुखीकरण | सङ्ख्या | ३७ | - | - | - | - | ३७ | यस नगरपालिका, शि.वि.स.इ. |
| २ | शिक्षक तालिम तथा पुनर्ताजगी तालिम | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | यस नगरपालिका, मानव संसाधन केन्द्र |
| ३ | शिक्षक पेसागत सहयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | यस नगरपालि |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | का, मानव संसाधन केन्द्र |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय |
| ५ | आवधिक मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| ६ | डिजिटल सामग्रीको प्रयोग | वटा | २ | ४ | ३ | ४ | ५ | १८ | विद्यालय, सरकार |
| ७ | सूचना प्रविधिको प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय |
| ८ | निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | यस नगरपालिका, विद्यालय |
| १० | माध्यम भाषाको रूपमा मातृभाषाको प्रयोग | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | यस नगरपालिका, विद्यालय |
| ११ | सुपरिवेक्षण तथा अनुगमन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | यस नगरपालिका, विद्यालय |
| १२ | कक्षा १-३ का लागि पढाइमैत्री शैक्षिक सामग्री (विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी | सबै विद्यालय (कक्षा १-३ सम्म) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्दचित्र पत्ती आदि) खरिद, सङ्कलन, निर्माण तथा प्रयोग | | | | | | | | |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/ कार्यपुस्तिका उपलब्ध गराउने | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | स्थानीय पढाइ सामग्री तथा अन्य शैक्षिक सामग्री निर्माण र प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री | पटक | १ | - | - | - | १ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | (पाठ्यक्रम, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्री) उपलब्ध गराउने | | | | | | | | | |

## ४.२. शिक्षक व्यवस्थापन र विकास

### ४.२.१. परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषय गतरूपमा विद्यमान मापदण्ड १ : ४० शिक्षक विद्यार्थी अनुपात  कायम गरिएको छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने , प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्नेजस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो ।

पेसागत रुपमा सक्षम ,दक्ष र अभिप्रेरित शिक्षकवाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला, सेमिनार, कनफरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरबाट शिक्षकको पेसागत विकास सम्भव छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि , प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ । कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ । यसमा शिक्षक व्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतीहरूको पहिचान गरी शिक्षक व्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.२. वर्तमान अवस्था

शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली २०५९, शिक्षक सेवा आयोग नियमावली २०५७, शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र वा सोसरह उत्तीर्ण वा १० महिने तालिम गरेको व्यक्ति र वी.एड. वा एम.एड. गरेपछि अध्यापन अनुमति पत्रका लागि योग्य मानिन्छ। अध्यापन अनुमति पत्र प्राप्त गरेको

व्यक्ति मात्र शिक्षकका लागि योग्यता प्राप्त मानिन्छ। माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तिर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ। सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक शिक्षण पेसामा आवद्ध जनशक्तिमा विषयवस्तुको ज्ञानको साथै बालमनोविज्ञान, पेसागत प्रतिवद्धता, सूचना प्रविधिको उपयोग, सञ्चार सीप र व्यवस्थापन सीपहरू आवश्यक पर्दछन। पेसागत हिसावले विद्यालय कर्मथलो भएको र यस्ता गाउँबस्तीमा रहने भएकोले धैर्यता र लगनसिलताको समेत आवश्यक पर्दछ । शिक्षक पेसागत सहयोग पद्धति  शिक्षकको पेसागत क्षमता विकास गर्न र वृद्धि विकास गर्न पेसागत सहयोग निरन्तर आवश्यक हुन्छ। नेपालमा सर्वप्रथम वि.सं. १९९८ सालमा शिक्षा इन्सपेक्टर स्कुलको स्थापनासँगै शिक्षक पेसागत सहयोग पद्धतिको सुरुवात भएको देखिन्छ। राष्ट्रिय शिक्षा पद्दति योजना, २०२८ ले विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्धि गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो। ग्रामीण विकासका लागि सेती परियोजना (१९८१-१९९१) र सो पश्चात् नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए। प्राथमिक शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४-१९९१), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-पहिलो (२०४९-०५४), आधररभूत तथा प्राथमिक शिक्षा परियोजना-दोस्रो (२०५६-०६१), प्राथिमक शिक्षा विकास परियोजना (सन् १९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (सन् १९९३-२०००), शिक्षक शिक्षा परियोजना (सन् २००२-२००९), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६७/०६८-२०७२/०७३) हुँदै हाल कार्यन्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमले समेत शिक्षकको पेसागत सहयोगलाई महत्त्व दिदै विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ। सङ्घीय संरचनामा प्रदेशस्तरमा शिक्षा तालिम केन्द्रबाट प्रमाणीकरण तालिम सञ्चालन हुँदै आएको छ भने यस नगरपालिकाहरूबाट छोटो अवधिका कस्टमाइज तालिमहरू र क्षमता विकास गोष्ठी अन्तरक्रियाहरू सञ्चालन हुदै आएका छन्। शिक्षा

नियमावली, २०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था गरिएको छ। पूर्व प्राथिमक विद्यालयमा १ जना सहजकर्ता, प्राथिमक विद्यालयमा ४० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यिमक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था नियमावलीमा छ। यस पालिकामा प्राथमिक तहमा १०५ जना स्थायी ६ जना करार, ११ जना राहत र ८ नगर अनुदान, निम्न माध्यमिक तहमा १६ जना स्थायी ३ जना करार, १२ जना राहत, आधारभूत तह (कक्षा ६-८) मा अङ्ग्रेजी, गणित, विज्ञान विषयमा शिक्षण सिकाइ अनुदान ४ जना, ९-१० माध्यमिक तह १२ जना स्थायी, ३ जना करार, ९ जना राहत, ११-१२ मा ६ जना, प्रविधिक धार ९-१२ मा ८ जना, माध्यमिक तह (कक्षा ९ -१०) मा अङ्ग्रेजी, गणित, विज्ञान विषयमा शिक्षण सिकाइ अनुदान ६ जना कार्यरत रहेको छ। शिक्षकको सरुवा तथा अन्य पेसामा जाने प्रचलनका कारण शिक्षक टिकाउन नसक्दा शिक्षक पद पूर्तीमा बारम्बार समस्या आउने गरेको छ। यस नगरपालिकामा निम्न माध्यमिक र माध्यमिक तहमा विषयगत शिक्षक अभाव एक गम्भीर समस्या रूपमा देखा परेको छ ।

### ४.२.३. उद्देश्य

क) विषयगत र कक्षागत रुपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,

ख) विद्यालय सुपरिवेक्षण शिक्षक तालिम शिक्षकको पेशागत विकास शिक्षक सक्षमता लाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,

ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चित गर्नु,

### ४.२.४. रणनीति

क) शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने,

ख) रिक्त शिक्षक दरबन्दीमा यस नगरपालिकाद्वारा शिक्षकहरूको व्यवस्थापन गर्ने,

ग) शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने,

घ) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत् शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने,

यसका लागि यस नगरपालिकामा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,

ङ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने,

च) शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,

छ) रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था गर्ने,

ज) नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्पmत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाइने,

झ) शिक्षकले कक्षाकोठामा बिताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइने,

ञ) कार्ययोजना, शैक्षिक योग्यता, अनुभव लगायतको आधारमा विद्यालयमा प्रधानाध्यापकको छनौट गरिने ।

### ४.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ४.२.५.१. उपलब्धि

सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने ।

#### ४.२.५.२. प्रमुख नतिजा

क) राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,

ख) शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने,

ग) शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,

घ) पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,

ङ) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,

च) शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,

छ) शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने,

ज) शिक्षकको आपूर्ति नियमित रूपमा हुने,

झ) शिक्षकको वृत्तिविकासका लागि पारदर्शी, र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने ।

### ४.२.५.३. शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलाप | इकाइ | (२०८३/८४) | (२०८४/८५) | (२०८५/८६) | (२०८६/८७) | (२०८७/८८) | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक नियुक्ति तथा सरुवा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला तथा सीमान्तकृत वर्गका व्यक्तिलाई | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | | | | | | | | |
| ४ | नियमित शिक्षण-सिकाइ सुनिश्चित गर्न मापदण्ड विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | उपचारात्मक शिक्षण पद्धति लागू गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | पुस्तकालय तथा पुस्तक कुना स्थापना/सुदृढीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | सूचना प्रविधि प्रयोगशाला स्थापना तथा सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | विज्ञान प्रयोगशाला स्थापना तथा सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | शिक्षण तथा सिकाइ सामग्री विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | इन्टरनेट सेवाको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | शिक्षणसिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | निरन्तर विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६ | परीक्षाको नतिजा विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १७ | शिक्षकले शिक्षणसिकाइ क्रियाकलापमा बिताउने समय वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्त र | |
| १९ | शिक्षक पेसागत सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्त र | |
| २० | असल अभ्यासको अवलोकन भ्रमण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्त र | |
| २१ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण तथा ज्ञान सञ्जालीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २२ | विज्ञ समूह गठन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २३ | सहकर्मी कक्षा अवलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २४ | छोटो अवधिको शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | **५** | |
| २५ | विद्यालय तहमा शिक्षकको पेसागत विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्त र | |
| २६ | कार्यसम्पादन मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | **५** | |
| २७ | प्रधानाध्यापकको व्यवस्था | पटक | १ | - | - | - | - | **१** | |
| २८ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्त र | |

## ४.३. समता र समावेशीकरण

### ४.३.१. परिचय

पहुँच र सहभागिताका लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानताहरूबिच गरिने समान व्यवहार नै शैक्षिक समता हो । विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चिता सम्भव हुँदैन । यो आफ्नो गन्तव्य नभई एउटा माध्यम मात्र हो । यो नगरपालिका एउटा विविधताले भरिपूर्ण नगरपालिका हो । यसमा ब्राह्मण, क्षेत्री, दलित, जनजाति र अपाङ्गता भएका बालबालिकाहरूको बसोबास छ । विभिन्न शारीरिक क्षमता भएका कमजोर आर्थिक अवस्था भएको समाजमापछि परेका र पारिएको दलित महिला अपाङ्गता भएका व्यक्तिहरूको मिश्रित बसोबास रहेको समुदाय छ । सम्पत्तिमाथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक, सांस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैङ्गिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषत अपाङ्गता भएका, दलित विपन्न परिवारमा जन्म भएका, शिक्षामा पहुँच नपुगेको समाज रहेको छ । विविधतालाई पहिचान, सम्मान, मनोरञ्जन र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित हुन आवश्यक छ । बालबालिकामा भएको भिन्नताहरूदेखि सहभागितामा पहुँच तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समताको आवश्यक छ । यस्तो समतामा विशेष तथा थप प्रबन्धको व्यवस्था  गर्नुपर्दछ । समाजमा सामाजिक न्याय स्थापित गर्न, शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्न महत्वपूर्ण र अत्यावश्यक छ ।

ठाउँ, क्षेत्र अनुसार विविधताको सम्मान तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच र अथपूर्ण सहभागितामा कार्य गर्दै सिकाइ सुनिश्चितता गर्नका लागि यसको कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ । यस्तो बाधाहरू ठाउँपिच्छे फरक छन्। यस्ता

चुनौतीहरू हटाई विविधता अनुकूल हुनेगरी शिक्षामा सबैका सहज पहुँच सहभागिता तथा सिकाइका लागि समेत समावेशिता अभिवृद्धि गर्नका लागि योजना निर्माण गरी त्यसअनुरुप कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता हो ।

### ४.३.२. वर्तमान अवस्था

यस नगरपालिकामा ३८ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन । उक्त विद्यालयहरूमा विभिन्न जातजाति बाह्मण, क्षेत्री, श्रेष्ठ, याख्या, जिमी, राई, लिंखा, शेर्पा, गुरुङ्ग, तामाङ्ग, दर्जी, नेपाली, सुनुवार, सुनर, बराइली, गदाइली, लो साथ विभिन्न धर्म, तथा फरक आर्थिक अवस्थाका विद्यार्थीहरू अध्ययन गर्दै आएका छन । कतिपय विद्यालयहरूमा शारिरीक अपाङ्गता भएका ५ जना बालबालिकाहरू समेत रहेका छन् । यस्तो अवस्थाका विद्यार्थीहरूको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रवृत्ति प्रदान गर्ने गरिएको छ । साथै विपन्न लक्षित छात्रवृत्ति समेत प्रदान गरिँदै आएको छ। त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, सडक बालबालिकाहरू, असाध्य रोगहरूबाट पीडित बालबालिकाहरू अभिभावक र सहाराबिहीन बालबालिकाहरू रहेको समुदाय छ । तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकिरहेका छन् । त्यस्ता प्रकारका बालबालिकाहरूसमेत विद्यालय शिक्षाको पहुँच सहज प्राप्त गर्न नसकिएको अवस्था देखिन्छ ।

विद्यालय भर्ना भएका बालबालिकाहरूलाई आवासीय र गैरआवासीय रुपमा तोकिएको नियमका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ । खासगरी आधारभूत तहको कक्षा १-५ मा अध्ययन गर्ने सबै छात्राहरू र दलित छात्रहरूलाई कुनै न कुनै रुपमा सहयोग गरिँदै आएको छ । त्यसैगरी विद्यार्थी मूल्याङ्कनको क्रममा समेत अपाङ्गता भएका बालबालिकाहरूलाई थप समयको व्यवस्था समेत गरिने प्रावधान छ ।नगरपालिकाले धेरै महत्वपूर्ण कामहरू गरिरहेको भएतापनि अझै पनि शिक्षामा सबै वर्गको समान पहुँच भने पुग्न सकिरहेको छैन ।नगर कार्यपालिका, वडा समिति,

नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, सामाजिक परीक्षण समिति तथा विभिन्न संस्थाहरूमा महिला र दलित वर्गको सहभागिसता समावेशी छ। विद्यालयमा पनि सबैको सहभागिता बढेर लैङ्गिक समता सूचाङ्क कक्षा १-८ मा ०.९२ कक्षा ९-१२ मा १.०१ सूचाङ्क रहेको छ। सबै बालबालिका विद्यालय भर्ना भएको कारण पहुँचमा समावेशी भएता पनि उपलब्धिमा सबैको समान सहभागिता पुऱ्याउन समतामूलक व्यवस्था गर्नु आवश्यक पर्दछ । सामुदायिक विद्यालयको आधारभूत तहमा महिला शिक्षक ३३.७ प्रतिशत छ। विद्यालयमा छात्रासँग सरोकार राख्ने विषयमा तथा बालसञ्जाल, बालविवाह न्यूनीकरण, बालिकाको सिकाइका सवालहरूमा छलफल तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्रिँदै आएको छ।

### ४.३.३. उद्देश्य

क) लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,

ख) लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागितामा वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,

ग) समुदाय तथा विद्यालयमा हुने सबैप्रकारका विभेद दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण गर्नु,

घ) शिक्षाको मूलधारमा सबैको समतामूलक सहभागिताको लागि अवसरहरू वृद्धि गरी शैक्षिक गुणस्तर बढाउनु,

ङ) विद्यालयलाई बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री बनाउनु ।

### ४.३.४. रणनीति

क) घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको सबै प्रकारको विवरण सङ्कलन गरी अध्यावधिक गरी राखिनेछ ।

ख) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गर्न सहयोग गरिनेछ ।

ग) साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरूको लागि स्रोतकक्षाको व्यवस्था गरिनेछ ।

घ) विद्यालयमा हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गरिनेछ ।

ङ) समावेशी तथा समतामूलक पहुँचको सुनिश्चितताका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइनेछ ।

च) विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन तथा निरीक्षण अनुसन्धान र विकास गरिनेछ।

छ) विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गरिने छ ।

ज) विद्यालयहरूमा विशेषतः छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ ।

झ) प्रत्येक विद्यालयहरूमा गुनासो पेटिका बनाई राख्न लगाइने छ ।

ञ) सबै तह र प्रकारका विद्यालयहरूमा लैङगिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गरिनेछ।

ट) विद्यालयहरूमा बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री भौतिक र शैक्षिक वातावरणमा थप सुधार गरिनेछ ।

ठ) आवासीय विद्यालयहरू सञ्चालन गरिनेछ ।

ड) लक्षित वर्गका लागि छात्रवृत्तिमार्फत पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीको उपलब्ध गरिनेछ ।

### ४.३.५. उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ४.३.५.१. उपलब्धि

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रूपले कमजोर अपाङ्गता भएका र सहाराविहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने ।

#### ४.३.५.२. प्रमुख नतिजा

क) अपाङ्गता,गरिव, विपन्न,अभिभावकविहीन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुने,

ख) विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैकालागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने,

ग) लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति एव प्रोत्साहन प्राप्त गरेको हुने,

घ) विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने ।

### ४.३.५.३. प्रमुख क्रियाकलाप र लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षाको मूल प्रवाहभित्र तथा बाहिर रहेका सबै बालबालिकाको तथ्याङ्क सङ्कलन तथा विश्लेषण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| २ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| ३ | लक्षित वर्गका लागि | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रवृत्ति वितरण | | | | | | | | |
| ४ | सबै प्रकारका विभेदको अन्त्यका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | आवश्यकताअनुसार |
| ५ | विद्यालयमा जेन्डर फोकल शिक्षक तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | सबै विद्यालयमा निरन्तर |
| ६ | पालिका स्तरमा अपाङ्गता भएका बालबालिका | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | को तथ्याङ्क सङ्कलन | | | | | | | | |
| ७ | अपाङ्गता भएका बालबालिकाको विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | आवश्यक सिकाइ सामग्रीको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | विभेद अन्त्यका लागि सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | विद्यालयमा हुने विभेद, | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दुर्व्यवहार तथा हिंसा रोकथामका लागि संयन्त्र निर्माण | | | | | | | | |

## ४.४. विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम

### ४.४.१. परिचय

बालबालिकाको विकास तथा सिकाइसँग स्वास्थ्य तथा पोषणका अवस्थाका प्रत्यक्ष सम्बन्ध रहेको हुनेछ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाइ तथा स्वच्छतासम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक रहेको छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र कक्षामा अनुपस्थित हुने तथा बिचमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाको छानिएका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७७-७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई प्रति विद्यार्थी रु. १५ बराबरको खाजा खुवाउन थालिएको छ ।आर्थिक वर्ष २०८२/८३ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीलाई प्रति विद्यार्थी रु. २० बराबरको खाजा खुवाउन सामुदायिक विद्यालयमा विद्यार्थी उपस्थिति हाजिरीका आधारमा रकम निकासा गर्न थालिएको छ । दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ । कुनै सामुदयिक विद्यालयहरूले क्यन्टिनको व्यवस्था गरिएको छ भने कुनै विद्यालयहरूले विद्यार्थी स्वयंले घरबाट पोषणयुक्त खाना ल्याउने गरेका छन् ।

### ४.४.२. वर्तमान अवस्था

यस नगरपालिकामा आ.व. २०७७/७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई प्रति विद्यार्थी रु. १५ बराबरको खाजा खुवाउन थालिएको थियो भने देखि आर्थिक वर्ष २०८२/०८३ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिक देखि कक्षा ५ का सबै विद्यार्थीलाई प्रति विद्यार्थी रु २० बराबरको खाजा खुवाउन सामुदायिक विद्यालयमा विद्यार्थी उपस्थिति हाजिरीका आधारमा रकम निकासा गर्न थालिएको छ । दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ ।भने केही सामुदयिक विद्यालयहरूले क्यन्टिनको व्यवस्था गरिएको छ भने केही विद्यालयहरूले विद्यार्थी स्वयंले घरबाट पोषणयुक्त खाना ल्याउने गरेका छन् ।नगरपालिकाका सबै माध्यमिक र केही आधारभूत विद्यालयहरूमा छात्र र छात्राका लागि अलगअलग शौचालय निर्माण गरिएको र बाँकी विद्यालयमा निर्माण गर्ने प्रक्रियामा समेत रहेको छ । कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाउँदै लगिएको छ । सबै विद्यालयको लागि प्राथमिक उपचार सामाग्रीको बाकस, बालिकाहरूका लागि आइरन चक्की प्रभावकारीरूपमा वितरण गरिएको छ । हाल नगरपालिका अन्तर्गतका ३८ वटा विद्यालयमा दिवा खाजाको व्यवस्था गरिएको छ; जसबाट विद्यार्थीहरूको शारीरिक, मानसिक तथा संवेगात्मक विकास भई सिकाइ वृद्धि भएको छ ।

### ४.४.३. उद्देश्य

१. बालबालिकाहरूलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

२. विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.४. रणनीति

१. बालबालिकाका लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नुका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाडावर्तन र अन्य सामाग्रीहरू तथा समूहमा हात धुने लगायतका सुबिधा विस्तार गर्दै लैजाने,

२. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सफाइ सामाग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूको लागि चेन्ज रुम, प्रयोग भइसकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने,

३. विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए, आइरन, फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताका लागि सेनेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने,

४. विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने,

५. दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने ।

### ४.४.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

#### ४.४.५.१. उपलब्धि

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

#### ४.४.५.२. प्रमुख नतिजा

१. विद्यालय खाजालाई विद्यार्थीको अधिकारको रूपमा स्थापित गर्ने कानुनी प्रबन्ध हुनेछ ।

२. दिवा खाजा लगायत स्वास्थ्य तथा पोषण तीन तह र अन्य क्षेत्रसमेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यतासहितको नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ ।

३. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मको सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा यस नगरपालिकामार्फत् विद्यालयबाट प्राप्त हुनेछ ।

४. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त खानेपानी, साबुन तथा सफाइ सामाग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय

तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुनेछ ।

५. विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूष्मपोषक तत्त्वप्रदायक किशोरीहरूको मासिक महिनावारीमा सेनेटरी प्याड वितरण हुनेछ ।

६. विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुनेछ।

### ४.४.५.३. प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय पोषण तथा दिवा खाजा सम्बन्धी स्थानीय कार्यविधि निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | विद्यालयहरूमा सेनेटरी प्याड लगायत सरसफाइ सामग्रीको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालयमा सरसफाइका लागि साबुन, पानी लगायत आवश्यक सामग्रीको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | दिवा खाजाका लागि थप वित्तीय स्रोतको खोजी तथा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | दिवा खाजा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | दिवा खाजाका लागि आवश्यक | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सामग्रीको व्यवस्थापन | | | | | | | | |
| ७ | विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | अनुगमन तथा मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.५. शिक्षामा सूचना प्रविधि

### ४.५.१. परिचय

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्देश्य रहेको छ । विश्व प्रतिस्पर्धी, श्रमवजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दूरी घटाउन एवम् विश्व ज्ञामनभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न , विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ । शिक्षामा सूचना

तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्नेजस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेको छ । त्यसैगरी निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए ।

### ४.५.२. वर्तमान अवस्था

यस नगरपालिकामा स्मार्ट बोर्ड भएको केही विद्यालय छन्।स्मार्ट टिभीसहित इन्टरनेट भएको विद्यालय केही छन । इन्टरनेट सुबिधा ३८ वटै विद्यालयमा रहेका सबै विद्यालयमा न्यूनतम् एकएक थान कम्प्यूटर प्रिन्टरको व्यवस्था भइसकेको छ। प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा अन्तर्गत एकवटा विद्यालयमा कृषि विज्ञान विषयको ९-१२ अध्यापन गराइन्छ । विद्यालयमा जिन्सी , लेखा तथा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली IEMIS को उपयोग गर्न नगरपालिकाको सहजीकरणमा विभिन्न तालिमहरू सञ्चलन गरी यसको प्रयोग व्यवस्थित गरिएको छ।

### ४.५.३. उद्देश्य

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने,
- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने,
- सम्पूर्ण विद्यालयमा स्माट बोड सहितको प्रविधि मैत्री कक्षाकोठा व्यवस्थापन गर्ने,

### ४.५.४. रणनीति

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,

ख) सबै शिक्षकहरूको क्षमता विकास गरिने,

ग) विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,

घ) शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,

ङ) शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,

च) शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,

छ) सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने।

### ४.५.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ४.५.५.१. उपलब्धि

क) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धन हुने ।

#### ४.५.५.२. प्रमुख नतिजा

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भइ सबैको पहुँच पुग्ने,

ख) विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,

ग) सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,

घ) सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,

ङ) सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने,

च) सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,

छ) सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,

ज) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने।

### ४.५.५.३. शिक्षामा सूचना प्रविधिका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा ICT संरचना विस्तार | वटा | ७ | ७ | ७ | ७ | ७ | ३५ | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | वटा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ र यस नगरपालिका |
| ३ | शिक्षकहरूको सूचना तथा सञ्चार प्रविधि (ICT) सम्बन्धी क्षमता विकास | जना | ३८ | ३८ | ३८ | ३८ | ३८ | १९० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्री उपलब्ध गराउने | वटा | ८ | ६ | ९ | ८ | ४ | ३५ | |
| ५ | IEMIS व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | १ | - | १ | - | - | २ | |
| ७ | विद्यालयमा ई-हाजिरी (E-Attendance) व्यवस्थापन | वटा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको | पटक | १ | - | - | - | - | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भर्चुअल कक्षा सञ्चालन | | | | | | | | |
| ९ | प्रविधिमैत्री सिकाइका लागि स्मार्टबोर्ड, टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतका पूर्वाधारको व्यवस्था (लागत साझेदारीका आधारमा) | विद्याल य | १० | ५ | ५ | ५ | १० | ३५ | |
| १० | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, | जना | १० | ५ | ५ | ५ | १० | ३५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | इन्टरनेट लगायतका उपकरणको प्रयोगसम्बन्धी तालिम सञ्चालन | | | | | | | | |

## ४.६. विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१. परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने, लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.२. वर्तमान अवस्था

यस पालिकामा कूल सामुदायिक विद्यालयतर्फ औषत भवन सङ्ख्या माध्यमिकमा ५ आधारभूत (कक्षा १ देखि ८) मा ३ र आधारभूत (कक्षा १ देखि ५) मा २ भवन रहेका छन । सबै सामुदायिक विद्यालयमा छात्रा शौचालय छन भने करिब ६ विद्यालयमा महिला शिक्षक शौचालय छन् । सबै विद्यालयमा आफ्नै खानेपानीको स्रोत रहेको छ । पालिकाभरमा

८ वटा विद्यालयमा पुस्तकालय, ८ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, ६ विद्यालयमा कम्प्युटर प्रयोगशाला र सबै विद्यालयमा इन्टरनेट पुगेको छ । विद्यालयको वातावरणतर्फ फर्केर हेर्दा सबै माध्यमिक विद्यालयमा स्टाफ कोठा, विद्यालयमा स्टोर कोठा, साथै धेरैजसो विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन । अधिकांश विद्यालयमा घेराबारा भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण समेत भएका छन । विद्यालयमा भौतिक पुर्वाधार निर्माण तथा मर्मत सम्भारको लागि केन्द्रबाट नियमित रूपमा सशर्त अनुदान लगायतबाट अनुदान प्राप्त भइरहेको तथा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट समेत अनुदान प्राप्त भइरहेको अवसर भए पनि विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन्:

१. भौतिक पूर्वाधारको विकास र विस्तारमा यस नगरपालिकाको प्रभावकारी भुमिका नहुनु,

२. पूर्वाधार विकास कार्यलाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु,

३. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्डअनुसारको गुरु योजना विकास गर्नु,

४. आवश्यक स्रोतको व्यवस्थापन गर्नु,

५. पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री बनाउनु।

### ४.६.३. उद्देश्य

१. सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु,

२. पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गतामैत्री र लैङ्गिकमैत्री बनाउनु।

### ४.६.४. रणनीति

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।

२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ ।

३. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजायन गरिनेछ ।

४. प्रकोपको सिकार भएका विद्यालयभवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नति गरिनेछ ।

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

६. पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ ।

७. आंशिक रूपमा क्षति भएका विद्यालका संरचनाको मर्मतसम्भार गरिनेछ ।

### ४.६.५. उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरू र लक्ष्य

#### ४.६.५.१. उपलब्धि

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने ।

#### ४.६.५.२. नतिजा

१. माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवं विस्तारका लागि मापदण्डअनुसारको दशवर्षे गुरु योजना तयार हुनेछ ।

२. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।

३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुनेछ ।

४. पालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुनेछ ।

५. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुनेछ ।

६. विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री भौतिक पूर्वाधार तयार हुनेछ ।

७. सबै विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेशगेट निर्माण भएको हुनेछ ।

### ४.६.५.३. प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार विकास योजना निर्माण | हरेक वर्ष | १ | १ | १ | १ | १ | ५ | |
| २ | विद्यालयमा नयाँ भौतिक संरचना निर्माण (खानेपानी, शौचालय, भवन, कम्पाउण्ड आदि) | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | |
| ३ | निर्माण भएका संरचनाको मर्मत-सम्भार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | बालमैत्री, प्रविधिमैत्री तथा समतामूलक भवन र कक्षाकोठाको व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | विज्ञ समूहमार्फत विद्यालयको स्थलगत अनुगमन, विनियोजित रकमको कार्यान्वयन तथा मूल्याङ्कन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.७. आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

### ४.७.१. परिचय

विश्वमा बेलाबेलामा आउने विभिन्न रोगजन्य महामारी, प्राकृतिक विपत्ति, द्वन्द्व, युद्धजस्ता सङ्कटको समयमा सबै ठाउँमा विद्यार्थीहरू विद्यालयमा नै जम्मा भएर पठनपाठन गर्न सक्ने अवस्था नरहन पनि सक्छ । यस्तो अवस्थामा समेत बालबालिकाहरू शिक्षाबाट बञ्चित नहून् भन्ने उद्देश्यका साथ र बालकालिकाहरूको सिक्न पाउने अधिकारलाई संरक्षण दिँदै सिकाइलाई निरन्तरता दिनको लागि वैकल्पिक उपायसहित तयार पारिएको शैक्षिक कार्यक्रमलाई आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा भन्ने गरिन्छ । यसको मूल उद्देश्य भनेको सङ्कटकालीन तथा विपद्को अवस्थामा पनि बालबालिकाहरूलाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रुपमा क्रियाशील हुनेगरी शैक्षिक कार्यक्रमको तयारी र सञ्चालन गर्ने रहेको छ । यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपत्कालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन आदिजस्ता कार्यढाँचा समेटिएका हुनेछ ।

नेपालमा पनि प्रकोप व्यवस्थापन तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्राप्त गर्न बालबालिकाहरूको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दिर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समेत समावेश गरिदै आएको छ । समयसमयमा भएका नेपाल बन्द, हड्ताल, २०७२ सालको भूकम्प, कोभिड १९ लगायत स्थानीय क्षेत्रमा घट्ने प्राकृतिक प्रकोपहरूको कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा बाधा नपुगोस् भन्ने हेतुले शिक्षा क्षेत्रको योजना, (सन् २०२१-२०३०) मा समेत यस कुरालाई समावेश गरिएको छ । यस महत्त्वलाई मध्यनजर गर्दै नगरपालिकाले पनि आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा योजना तयार गर्नु पर्दछ भन्ने मान्यताका साथ यस खण्डमा बर्तमान

अवस्थालाई समेत विश्लेषण गरी क्रियाकलाप र उपलब्धिहरू समावेश गरिएको छ ।

### ४.७.२. वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता गरी विभेद, दुराचारजस्ता कुरालाई निषेध गरेको छ । बृहत् विद्यालय न्युनतम् सुरक्षा प्याकेजले सुरक्षित विद्यालय मापदण्डअनुसार शिक्षा क्षेत्रमा विपत्तिको समयमा केन्द्रित रही सिकाइ पूर्वाधार, विपद् जोखिम व्यस्थापन, विपद् जोखिमका न्यूनीकरण र उत्थानशीलताका मापदण्डहरू उपयोग गरी शिक्षामा कार्यान्वयनको परिकल्पना गरेको छ । यसका अलवा राष्ट्रिय शिक्षा नीति, २०७६ लगायत विभिन्न गुरुयोजना, नीतिहरूले समेत आपत् तथा विपद्को समयमा समेत विद्यालय शिक्षालाई कायम राखी राख्नु पर्ने कुरालाई जोड दिएका छन् ।

नेपालमा २०७२ सालमा आएको भूकम्प, तत्कालीन कोभिड तथा स्थानीय स्तरमा हुने बाढी, पहिरो, डुबानजस्तो विपद्ले विद्यालयमा धेरै दिनसम्म असर पारेका प्रशस्त उदाहरण रहेका छन । सङ्खुवासभा जिल्लासमेत यो समस्याबाट अछुतो रहन सकेको छैन । विकट भौगोलिक अवस्था भएको नगरपालिकाका विद्यालयहरू पनि विषेश पहिरो, बाढीको समयमा प्रभावित हुने गरेका छन । कोभिड-१९ का विषम परिस्थितिले त झन आपत्कालीन शिक्षाको योजना यस नगरपालिकाबाट नै गरी आवश्यकताको आधारमा लागू गर्ने तयार रहनु पर्दछ भन्ने पाठ सबैलाई सिकाएको अवस्था छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७।०२।१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीका सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाइन परियोजना पाठहरू,

स्वाध्ययन, दूर तथा खुल्ला शिक्षा लगायतको वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्ने विधि र प्रक्रियालाई आत्मसात् गर्दै यस निर्देशिकाले सूचना प्रविधिलाई पनि विशेष जोड दिएको छ ।

प्राकृतिक प्रकोप, महामारी तथा अन्य कारणले उत्पन्न हुने आपत्कालीन सङ्कटको बारेमा केही पूर्वानुमान गर्न सकिएतापनि यसको ठयाक्कै प्रभाव, असरको बारेमा भविष्यवाणी गर्न भने सकिदैन तर पनि विगतका अभ्यासहरूको आधारमा आपत्कालीन अवस्थाको शिक्षा योजना भने अत्यावश्यक पर्दछ । तर आपत्कालीन अवस्थाको शिक्षा योजना बनाउँदा केकस्ता कुराहरूलाई समावेश गर्ने भन्ने कुरा प्रमुख मुद्दा हो । यसका साथै यस नगरपालिकाले आपत्कालीन अवस्थाको शिक्षा योजना निर्माण गर्दा केन्द्रीय योजनासंग कसरी तादाम्यता मिलाउन ? योजना अल्पकालिन बनाउने कि दीर्घकालीन बनाउने भन्नेजस्ता चुनौतीहरू भने रहिरहेका छन् । यस्ता चुनौतीहरूलाई विचार गर्दै नगरपालिकाले आपत्कालीन शिक्षा योजना बनाउने अवस्थाको आँकलन, स्रोतसाधनको व्यवस्थापन र जिम्मेवारीको कुराहरूलाई महत्त्वकासाथ सम्बोधन गर्नुपर्दछ ।

### ४.७.३. उद्देश्य

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु,

२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु,

३. आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूले सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

### ४.७.४. रणनीति

१. प्रकोप, विपद्, महामारीको पूर्व अनुमानअनुसार सङ्घीय सरकारले बनाएको कार्यविधिहरू लागू गर्ने संयन्त्रको विकास गरिने,

२. स्थानीय सरकारवाला तथा विज्ञहरूसँग अन्तर्क्रिया छलफल गरी स्थानीय स्तरमा तहगत रूपमा वैकल्पिक सिकाइ पाठयोजना तयार पारिने,

३. स्थानीय रेडियो, टेलिभिजन लगायतका संस्थाहरूसँग समन्वय गरिने,

४. विपद् प्रतिरोधी पूर्वाधारहरूको निर्माणमा जोड दिइने,

५. स्थानीय विज्ञहरूसमेत समेटी नगरपालिका स्तरीय एउटा विपद् व्यवस्थापन समिति बनाइनेछ; जसमा विद्यालय स्तरमा हुने उपसमितिसमेत बनाई कार्य सम्पादन गरिने,

६. विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने,

७. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरूको तयारी गर्ने,

८. विपद् व्यवस्थापनको लागि यस नगरपालिका र विद्यालयको क्षमता विकास गर्ने,

९. विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी कार्यान्वयन गर्ने,

१०. हरित विद्यालय, जलवायु परिवर्तन तथा दीगो विकासजस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

### ४.७.५. उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ४.७.५.१. उपलब्धि

आपत्कालीन तथा सङ्कटका समयमा समेत नगरपालिकाभित्रका विद्यालयहरूमा पठपाठन गर्न विद्यार्थीहरूले वैकल्पिक माध्यमबाट भए पनि सिकाइलाई निरन्तरता दिइनेछ ।

#### ४.७.५.२. नतिजा

१. विद्यालय तथा स्थानीय शिक्षा प्रणालीमा आपत्कालीन तथा सङ्कटको समयको लागि व्यावहारिक योजना निर्माण भई आवश्यकताका आधारमा लागू हुनेछ ।

२. प्रकोप महामारीमा समेत सिकाइ निरन्तर हुनेछ ।

३. आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूले सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

### ४.७.५.३. प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आकस्मिक तथा सङ्कटकालीन अवस्थामा शिक्षा सम्बन्धी स्थानीय सरकारको कार्यविधि विकास | पटक | १ | - | - | - | - | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | निर्देशिकाको आधारमा विपद् व्यवस्थापन समिति गठन | पटक | १ | - | - | - | - | १ | |
| ३ | स्रोत शिक्षक तथा प्रधानाध्यापक लाई तालिम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलता सम्बन्धी सचेतना | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम सञ्चालन | | | | | | | | |
| ५ | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी अद्यावधिक गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

# परिच्छेद-५

## ५. विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षाजस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतः सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकिया जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।नेपालको संविधानमा संघ, प्रदेश र यस नगरपालिका गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापनअन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याङ्कनजस्ता क्षेत्रहरू समावेश गरिएको छ।

## ५.१. संस्थागत क्षमता विकास

### ५.१.१. परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना सङ्घीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तरता दिन तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमतामा सुधार गरिएमात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूसमेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि नगरकार्यपालिका, नगरसभा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रूपमा रहेका छन् । शिक्षा योजनामा उल्लिखित नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधीकरणमार्फत् कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लिखित नीति तथा कार्यक्रमको स्पष्टताबिना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्दछ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र यस नगरपालिकाका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा पालिकाहरूका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुनमार्फत् यस नगरपालिकाका अधिकारहरूलाई पनि स्पष्ट पारेको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सोअन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गत रहेका २९ वटा शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद शाखाको व्यवस्था गरिएको छ ।

### ५.१.२. वर्तमान अवस्था

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक स्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायः जसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइँदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखापरीक्षण गर्ने गर्दछन् ।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन् । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी शिक्षाक्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र कोशी प्रदेशले सामाजिक विकास डिभिजन कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहीन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरू बीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ ।

### ५.१.३. उद्देश्य

१. यस नगरपालिकाको अधिकार क्षेत्रअनुसार संस्थागत संरचना बनाउनु,

२. तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,

३. यस नगरपालिकामा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,

४. जनशक्तिहरूको संस्थागत क्षमता विकास गर्नु ।

### ५.१.४. रणनीति

१. यस नगरपालिकामा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,

२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने,

३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,

४. यस नगरपालिकामा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,

५. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने,

६. कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने ।

### ५.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ५.१.५.१. उपलब्धि

शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

#### ५.१.५.२. प्रमुख नतिजा

१. शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुनेछ,

२. शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुनेछ,

३. शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुनेछ,

४. सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ।

### ५.१.५.३. संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | - | - | - | - | १ | |
| २ | विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्ने | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | १९० | |
| ३ | प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | १९० | |
| ४ | विद्यालय व्यवस्थापन तथा शैक्षिक पदाधिकारीहरू | जना | ३८ | ३८ | ३८ | ३८ | ३८ | १९० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | को क्षमता विकास | | | | | | | | |
| ५ | प्रधानाध्यापक बैठक भत्ता उपलब्ध गराउने | विद्याल य | ३८ | ३८ | ३८ | ३८ | ३८ | १९० | |
| ६ | विद्यालय कर्मचारीलाई प्रोत्साहन उपलब्ध गराउने | जना | ३८ | ३८ | ३८ | ३८ | ३८ | १९० | |
| ७ | प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको क्षमता विकास | जना | ३८ | ३८ | ३८ | ३८ | ३८ | १९० | |

## ५.२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१. परिचय

योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा सङ्घीय संरचनाअनुसार संघ, प्रदेश र यस नगरपालिकाको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको नौ वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्नेछ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दीगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ५.२.२. वर्तमान अवस्थाः

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक स्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायःजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको

देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइँदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

शिक्षा योजना निर्माणपश्चात् सो योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण बजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना  र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी, विभिन्न सरोकारवालाहरूलाई कार्यक्रमहरूको बारेमा प्रबोधीकरणजस्ता कार्यक्रमहरू कार्यान्वयन गरिएको छ।

### ५.२.३. उद्देश्य

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.४. रणनीति

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत् प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने,

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने,

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने,

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत् नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने र त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने,

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने,

६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने,

७. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने,

८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने,

९. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तर्क्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने,

१०. सामुदायिक सिकाइ केन्द्रमार्फत् सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

## ५.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### ५.२.५.१. उपलब्धि

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

### ५.२.५.२. प्रमुख नतिजा

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

### ५.२.५.३. प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | आवश्यक कानुन, निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | कानुन, निर्देशिका तथा मापदण्डको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइसम्बन्धी | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम सञ्चालन | | | | | | | | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ५.३. अनुगमन तथा मूल्याङ्कन

### ५.३.१. परिचय

यस नगरपालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरूप कार्यान्वन गर्नेछ । स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनमा जोड दिइएको छ। प्रत्येक विद्यालयले र यस नगरपालिकाले बजेटमा तोकिएको जिम्मेवारीअनुसार कार्यक्रम सञ्चालन गर्नेछन्।कार्यक्रम सञ्चालनको लागि बजेट र आवश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरूको कार्यान्वयन भएनभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ ।विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनुगमन, सपरीक्षण, निरीक्षण गर्नेछन् । अनुगमनपश्चात् सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनुकरणीय पक्षको प्रचारप्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ ।

### ५.३.२. वर्तमान अवस्था

यस नगरपालिकामा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ । खासगरी नगरपालिकाको शिक्षा शाखावाट अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको र जनप्रतिनिधिहरूबाट पनि समयसमयमा अनुगमन गरिएको छ । विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्नेगरेको छ ।

कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाइ र राम्रा अभ्यासहरूको दस्तावेजीकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

ऐन, नियमअनुसार कार्य भएनभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरू नियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिने छ ।

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा नगरपालिका वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकताअनुसार बस्नेछ।

### ५.३.३. उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनको लागि संयन्त्रको निर्माण गर्नु,

२. अनुमगन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,

३. योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

### ५.३.४. रणनीति

१. प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने,

२. शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने,

३. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने,

४. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,

५. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षालाई थप व्यवस्थित र नियमित गर्ने,

६. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवं प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने,

७. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

### ५.३.५. उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ५.३.५.१. उपलब्धि

क) प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

ख) कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमिकमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुनेछ ।

ग) समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनेछ ।

**५.३.५.२. प्रमुख नतिजा**

१. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुनेछ ।

२. अनुगमनका आधारमा नतिजा सुधार हुनेछ ।

३. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुनेछ ।

### ५.३.५.३. प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | - | - | - | - | १ | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी तथा अद्यावधिक | पटक | १ | - | १ | - | - | २ | |
| ३ | अनुगमन सञ्चालन | पटक | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | चौमासिक तथा वार्षिक समीक्षा र प्रतिवेदन तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि मापन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | अनुगमनसम्बन्धी क्षमता विकास | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी तथा नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | विद्यालयको लेखापरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | योजना कार्यान्वयन को अध्ययन तथा अनुसन्धान | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |

# परिच्छेद-६

## ६. लगानी र स्रोत व्यवस्थापन

### ६.१. परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दूर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्युसन, कोचिङ सेन्टरहरूको नीति, योजना र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकाले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तीय व्यवस्थापनअन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुऱ्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउँदै वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । सामुदायिक विद्यालयमा लगानी बढाउँदै जानुपर्छ भन्ने सोच

पालिकामा विकास हुँदै गएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउँदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शी बनाउनु चुनौतीका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रूपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको बाटो खुलेको छ ।

## ६.२. वर्तमान अवस्था

विश्वव्यापी रुपमा दीगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तीमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिबद्धता रहे तापनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशत भन्दा वढी रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तकजस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन् ।

पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापनमार्फत् वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन् । नतिजामा आधारित स्रोत विनियोजन पद्धतिमार्फत् विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ठ, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । स्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क्र.स. | वित्तीय स्रोतको व्यवस्थापन | जम्मा हिस्साको शिक्षाक्षेत्रमा प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | सङ्घीय सरकार | १०.९४% | आ.व. २०८२/८३ को बजेट |
| २ | प्रदेश सरकार | ८.६% | आ.व. २०८२/८३ को बजेट |
| ३ | स्थानीय सरकार | ३५.१३% | आ.व. २०८२/८३ को बजेट |

## ६.३. उद्देश्य

- योजना अवधिका लागि शिक्षाक्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,
- उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्ने,
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट पार्ने ।

## ६.४. रणनीति

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,
- आफ्नो तहभित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवं गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जवाफदेही बनाइने,
- वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

- शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने,
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने।

## ६.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### ६.५.१. उपलब्धि

- शिक्षामा स्रोतको दीगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

### ६.५.२. नतिजा

१. लगानी तथा स्रोत व्यवस्थापन यथोचित रूपमा हुने,

२. लगानीका लागि स्थानीय तह उत्प्रेरित हुने,

३. लगानीबाट लक्ष्य प्रभावकारी रूपमा पूरा हुने ।

## ६.६. विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्बन्धित प्रमुख क्रियाकलापहरूको बजेट विवरण

| क्र.सं. | विवरण | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ४९८०६०० | ४९७८६०० | ४६३३६०० | ४४५८६०० | ४७३३६०० | २३७८५००० |
| २ | आधारभूत शिक्षा | १८९१८६०० | १८०१८६०० | १८३१८६०० | १८०१८६०० | १९११८६०० | ९२३९३००० |
| ३ | माध्यमिक शिक्षा | ५४६८००० | ३१८८००० | ५५३८००० | २५३८००० | ४९८८००० | २१७२०००० |
| ४ | अनौपचारिक तथा आजिवन सिकाई | ११००००० | ११००००० | ११००००० | ११००००० | ११००००० | ५५००००० |
| ५ | पाठ्यक्रम र मूल्याङ्कन | २१६०००० | ६५०००० | ६५०००० | ६५०००० | ६५०००० | ४७६०००० |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ३५४०००० | ३२४०००० | ३२४०००० | ३२४०००० | ३२४०००० | १६५००००० |
| ७ | समता र समावेशीकरण | ७४०००० | ७४०००० | ७४०००० | ७४०००० | ७४०००० | ३७००००० |
| ८ | विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम | १०००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | ५०००००० |
| ९ | शिक्षामा सूचना प्रविधि | ४४५०००० | ३८५०००० | ३८५०००० | ३८५०००० | ३८५०००० | १९८५०००० |
| १० | विद्यालय भौतिक पूर्वाधार विकास | १७००००० | १७००००० | १७००००० | १७००००० | १७००००० | ८५००००० |
| ११ | आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा | ९८०००० | २००००० | २००००० | २००००० | २००००० | १७८०००० |
| १२ | संस्थागत क्षमता विकास | ७९४००० | ७९४००० | ७९४००० | ७९४००० | ७९४००० | ३९७०००० |
| १३ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | २६००००० | १००००० | १००००० | १००००० | १००००० | ३०००००० |
| १४ | अनुगमन तथा मूल्याङ्कन | १९६०००० | १९१०००० | १९६०००० | १९१०००० | १९१०००० | ९६५०००० |
| जम्मा | | ५०३९१२०० | ४१४६९२०० | ४३८२४२०० | ४०२९९२०० | ४४१२४२०० | २२०१०८०००० |
| माध्यमिक तहको शिक्षक तलब भत्ता | | ३३७४८७२३.४० | ४०४९८४६७ | ४१४००००० | ४१७००००० | ४२४००००० | १९९७४७१९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आधारभूत तहको शिक्षक तलब भत्ता | ८६१४२९३८.८० | १०३३७१५२५ | १०५३७१५२५ | १०८३७१५२५ | १११३७१५२५ | ५१४६२९०३९ |
| बालविकास, विद्यालय सहायक र विद्यालय कर्मचारीको तलब भत्ता | १०३२२००० | ११०००००० | ११५००००० | ११७००००० | १२०००००० | ५६५२२००० |
| **कूल जम्मा** | **१८०६०४८६२** | **१९६३३९१९२** | **२०२०९५७२५** | **२०२०७०७२५** | **२०९८९५७२५** | **९९१००६२२९** |

# परिच्छेद-७

## ७. कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ७.१.१. परिचय

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनमा जोड दिइनेछ । प्रत्येक विद्यालय र पालिकाले बजेटमा तोकिएको जिम्मेवारीअनुसार कार्यक्रम सञ्चालन गर्नेछन् । कार्यक्रम सञ्चालनको लागि बजेट र आवश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरूको कार्यन्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षिक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सुपरिवेक्षण, निरीक्षण गर्नेछन् । अनगुमनपश्चात् सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनुकरणीय पक्षको प्रचारप्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रूपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ ।

### ७.१.२. वर्तमान अवस्था

यस नगरपालिकामा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ । खासगरी नगरपालिकाको शिक्षा शाखाबाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनिधिहरूबाट पनि समय समयमा अनुगमन गरिएको छ । विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ ।

अनुगमन र मूल्याङ्कनका संरचना वा निकायहरू खडा भए तापनि सक्रिय बनाउन बाँकी नै छ । कहिलेकाहीँ गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । कार्यक्रम कार्यान्वयन, प्रगति समीक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाइ र राम्रा अभ्यासहरूको दस्तावेजीकरण र प्रचारप्रसारको पनि खाँचो रहेको छ ।

ऐन, नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको  मूल्याङ्कन गर्ने कार्यहरू नियमित रूपमा भइरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन भइरहेका छन् । सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गरिएका छन् । धर्मदेवी नगरपालिकाको नगर शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराई सो कार्यान्वयन भए नभएको सम्बन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रक्रिया तपसिल बमोजिम हुनेछ ।

| **क.स.** | **अनुगमन गर्ने निकाय** | **अनुगमन प्रक्रिया** | **जिम्मेवारी** | **अनुगमन समय** | **अनुगमन सूचक** |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरीक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | नगर शिक्षा समिति | अलवोकन, निरीक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | चौमासिक | |
| ३ | वडा कार्यालय | अलवोकन, निरीक्षण, सुपरिवेक्षण, प्रतिवेदन | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | अलवोकन, निरीक्षण, सुपरिवेक्षण | प्रमुख तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | अलवोकन, निरीक्षण, सुपरिवेक्षण, प्रतिवेदन | इकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | अलवोकन, निरीक्षण, सुपरिवेक्षण, प्रतिवेदन | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा, युवा तथा खेलकुद शाखा | अलवोकन, निरीक्षण, सुपरिवेक्षण, प्रतिवेदन | शिक्षा अधिकृत | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | अलवोकन, निरीक्षण, सुपरिवेक्षण, प्रतिवेदन | तोकिएको पदाधिकारी | वार्षिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | अलवोकन, निरीक्षण, सुपरिवेक्षण | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | अलवोकन, निरीक्षण, सुपरिवेक्षण, प्रतिवेदन | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | अलवोकन, निरीक्षण, सुपरिवेक्षण, प्रतिवेदन | | | |

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराई, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा नगरपालिका वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकताअनुसार बस्नेछ ।

### ७.१.३. उद्देश्य

क) वार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत् नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु।

## ७.१.४. रणनीति

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिनेछ ।

ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिनेछ ।

ग) शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गरिनेछ ।

घ) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आबद्ध गरिनेछ ।

ङ) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिनेछ ।

च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ ।

छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरिनेछ ।

ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ ।

झ) सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिनेछ ।

ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवं प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ ।

ट) पुरस्कार र दण्ड प्रणालीको विकास गरिनेछ ।

### ७.१.५. उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ७.१.५.१. उपलब्धिः

क) प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने,

ख) कार्यक्रमको आवधिक समीक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमीकमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत पुग्ने,

ग) समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुने ।

#### ७.१.५.२. प्रमुख नतिजा

क) नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने,

ख) अनुगमनका आधारमा नतिजा सुधार हुने,

ग) अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने,

घ) विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने,

ङ) विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने,

च) सिकाइहरूको दस्तावेज तयार हुने ।

### ७.१.५.३. प्रमुख क्रियाकलाप र लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी तथा अद्यावधिक | पटक | १ | - | १ | - | - | २ | |
| ३ | नियमित अनुगमन सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | **निरन्तर** | |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा | पटक | ३ | ३ | ३ | ३ | ३ | **१५** | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | एवं प्रतिवेदन तयारी | | | | | | | | |
| ५ | शैक्षिक स्थिति प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | अध्ययन तथा अनुसन्धान | पटक | १ | १ | १ | १ | १ | ५ | |